सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ भदौ २०८२, बुधबार (10 Sep 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १५० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

उथलपुथल

जेन-जी पुस्ताले सडकमा उत्रिएको दुई दिनमै पल्टाइदियो प्रमुख दुई दलको सत्ता

केपी ओली नेतृत्वको सरकार क्रूर दमनमा उत्रिएपछि आक्रोशित युवाहरूले सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राष्ट्रपति कार्यालयसहितका सरकारी संरचना र नेताका घरहरूमा गरे आगजनी र तोडफोड





कार्यपालिका

सिंहदरबार क्षेत्र



न्यायपालिका

रामशाहपथस्थित सर्वोच्च अदालत



व्यवस्थापिका

नयाँ बानेश्वरस्थित संसद् भवन

तस्बिरहरू : **अमुल थापा**/नयाँ पत्रिका

मंगलबार थप आठको मृत्यु

चार प्रदर्शनकारी, चार प्रहरी

शान्ति-सुरक्षाको कमान्ड सेनाको हातमा



सेनाको नेतृत्वमा सबै सुरक्षाफौज परिचालित, वार्ताका लागि प्रधानसेनापतिको आह्वान

■ गृहसचिवको निर्णयअनुसार कारागारबाट रिहा भएपछि रविले भने-

अबको सरकार जेन-जीकै मागअनुसार हुनुपर्छ



यो आन्दोलन विशुद्ध जेन-जीको हो। मुलुकको अबको नेतृत्व जेन-जीकै मागअनुसार र जेन-जीकै परिकल्पनाअनुरूप अघि बढ्नुपर्छ भन्ने कुरामा म स्पष्ट छु। र, म सदैव नागरिक सर्वोच्चताको पक्षमा छु।

कमलराज भट्ट, शिवहरि घिमिरे/नयाँ पत्रिका

जेन-जी आन्दोलनले दुई दिनमै सत्तापलट गरिदिएको छ। एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारले युवाहरूको समस्या समाधानको प्रयास गर्नुको साटो क्रूर दमनमा उत्रिएपछि अन्ततः प्रधानमन्त्री र उनका सारथि कांग्रेस सभापति शेरबहादुर देउवाको हातबाट सत्ताको बागडोर फुत्किएको छ।

सरकारले बर्बर दमन गरेर सोमबार १९ निहत्था नौजवानको नरसंहार गरेपछि मंगलबार जेन-जी आन्दोलनमा सबै पुस्ताका मानिस उर्लिएका थिए। घर-घरबाट चोक-चोकमा उत्रिएका आक्रोशित प्रदर्शनकारीले शीर्ष नेताका निवास छानीछानी आगजनी र तोडफोड गरेका थिए। उनीहरूले संसद् भवनमा आगो झोसेपछि बल्ल ओली राजीनामा दिन बाध्य भए। तर, त्यसपछि पनि सार्वजनिक संरचनामाथिको तोडफोड र आगजनी रोकिएन। रातिसम्म सिंहदरबार, सर्वोच्च अदालतजस्ता महत्त्वपूर्ण निकाय खरानीमा परिणत भइरहेका थिए।

राज्यका निर्णायक तीनवटै संयन्त्र व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका भौतिक संरचना ध्वस्त भइसके। कार्यपालिका अर्थात् सरकार पनि ढलिसकेको छ। संसद् विघटन गरेर नागरिक सरकार बनाइनुपर्ने जेन-जीको माग छ। मंगलबार राति १०

» पृष्ठ २ मा क्रमशः

अब के हुन्छ निकास ?



सूर्यकिरण गुरुङ
संसद्का पूर्वमहासचिव

नागरिक समाजबाट सर्वस्वीकार्य व्यक्तिको नेतृत्वमा अन्तरिम सरकार गठन गर्ने, आन्दोलनकारीलाई मन्त्रिपरिषद्को सदस्य बनाउने र नयाँ चुनाव घोषणा गर्ने अबको विकल्प हो।

जेन-जी आन्दोलनकारीले नागरिक सरकार गठन र नयाँ निर्वाचनको माग गरेका छन्। राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री ओलीको राजीनामापछि जेन-जी प्रदर्शनकारीलाई वार्तामा आउन आह्वान गरेकामा राति सेनाले पनि आन्दोलनरत पक्षलाई वार्तामा आउन आह्वान गरेको छ। त्यसअघि काठमाडौंका मेयर बालेन शाहले सामाजिक सञ्जालमार्फत सेनासँग वार्ता गर्न तयार रहन जेन-जीलाई भनेका थिए। तर, यसका लागि संसद् विघटन गर्नुपर्ने सर्त उनको छ।

यी परिदृश्यमा अबको प्रक्रिया कसरी अगाडि बढ्छ भन्ने प्रश्नमा संसद्का पूर्वमहासचिव सूर्यकिरण गुरुङले वार्ता नै पहिलो विकल्प भएको बताए। जेन-जीले संसद् विघटनदेखि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीसम्मको कुरा गरेको भन्दै गुरुङ अरू कुनै राजनीतिक व्यक्तिलाई प्रधानमन्त्री मान्ने अवस्था नरहेको बताउँछन्। त्यसैले वार्ताबाट नागरिक समाजको अगुवाइमा सरकार गठन गरिनुपर्ने विकल्प उनी सुझाउँछन्। यसमा जेन-जीले राखेका माग संविधान संशोधन गरेर सम्बोधन गर्ने गरी वार्ताबाट टुंगो लगाउनुपर्ने गुरुङको भनाइ छ। सेनाको समन्वयमा आन्दोलनकारी र राष्ट्रपतिबिच संवाद भएर आन्दोलनले निकास पाउने गुरुङले देखेका छन्।

गुरुङका अनुसार नागरिक समाजबाट सर्वस्वीकार्य व्यक्तिको नेतृत्वमा अन्तरिम सरकार गठन गर्ने, आन्दोलनकारीलाई मन्त्रिपरिषद्को सदस्य बनाउने र नयाँ चुनाव घोषणा गर्ने अबको विकल्प हो। चुनाव गराइसकेपछि ताजा जनादेश लिएर नयाँ सरकार गठन गर्ने र राज्य सञ्चालन गर्नेतिर देश अगाडि बढ्छ। श्रीलंकामा यस्तै भइसकेको छ। बंगलादेशमा गठित अन्तरिम सरकारले आगामी फेब्रुअरीमा चुनाव गराउँदै छ। नागरिक सरकार गठनका लागि वार्ता गर्ने जेन-जी नेता को हो भन्ने नखुलेकाले केही जटिलता रहेको पूर्वमहासचिव गुरुङ बताउँछन्। 'वार्ताका लागि जेन-जीको लिडर को हो ? विभिन्न ठाउँमा जुलुस अगाडि बढेको छ। लिडरसिप कोही देखा परेको छैन। अर्गनाइज्ड कोही देखिँदैन। सेफ ल्यान्डिङ गराउन लिडर चाहियो,' उनले भने।

अग्रलेख

● भाष्कर गौतम

नेतृत्वको अहंकारको परिणाम



आन्दोलनको मागलाई सम्बोधन गरेर अहिलेकै संविधान र व्यवस्थामाथि टेकेर त्यसमा अत्यावश्यक संशोधनसहित अघि बढ्न सके राम्रो हुन्छ

(पृष्ठ ४)

NIMB AUTO LOAN @6.29% p.a.

ओली-देउवासहित पुराना नेता राजनीतिको किनारामा धकेलिए

आफ्नै कारण कलंकको टीका लगाए

शुरोजंग पाण्डे/नयाँ पत्रिका

जेन-जी आन्दोलन उत्कर्षमा पुग्दा पनि प्रधानमन्त्री केपी ओलीको सत्तालिप्सा र हठका कारण उनीसहित समकालीन नेताहरू नै राजनीतिको किनारामा थकेलिएका छन्। जीवनको उत्तरार्धमा उनीहरूले कलंकको टीका लगाएर अपमानपूर्वक बहिर्गमित हुनुपरेको छ।

देश तहसनहस भइसक्दासमेत परिस्थितिलाई नजरअन्दाज गरेका ओली र कांग्रेस सभापति शेरबहादुर देउवालगायत सबैजसो पुराना नेताको राजनीति संकटमा पुगेको छ। समय र परिस्थितिले नेटो काटेपछि मात्रै ओलीले मंगलबार दिउँसो २ बजे राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राजीनामा दिएका थिए।

राजीनामापछि पत्नी राधिकासहित ओली 'भूमिगत' बनेका छन्। ओलीलाई सरकारको नेतृत्व सम्हाल्न सारथिको भूमिका खेल्दै आएका देउवासहितका पुरानो पुस्ताका नेताहरू राजनीतिको केन्द्रमा फर्किने सम्भावना लगभग अन्त्य भएको छ।

मुलुक नै रक्त आहालमा डुबेर राज्यविहीनताको अवस्थामा पुग्दा पनि सत्ता हाँकेका ओली र देउवालाई दबाब दिन ती पार्टीका दोस्रो र युवा पुस्ताका नेता पनि चुकेका छन्।

» पृष्ठ २ मा क्रमशः



कामचलाउ प्रधानमन्त्री केपी ओली





कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी परराष्ट्रमन्त्री आरजु राणालाई उद्धार गर्दै

उथलपुथल...

पृष्ठ १ बाट क्रमशः

बजेदेखि सम्पूर्ण शान्तिसुरक्षाको कमाण्ड सेनाले लिएको छ र आन्दोलनरत युवा समूहलाई वार्ताका लागि आह्वान पनि गरेको छ। राति ९ बजेतिर राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानसेनापति अशोकराज सिग्देलले आन्दोलन स्थगित गरेर वार्तामा आउन आन्दोलनकारीलाई आह्वान गरेका हुन्। अब सेनाकै समन्वयमा नयाँ सरकार बन्ने प्रारम्भिक अनुमान गर्न सकिन्छ। तर, राजनीतिले कुन मोड लिन्छ निश्चत गर्न सक्ने अवस्था भने अझै छैन।

स्वास्थ्य क्षेत्र अस्तव्यस्त

आन्दोलनमा भएको ठुलो क्षतिपछि काठमाडौं उपत्यकाको स्वास्थ्य क्षेत्र अस्तव्यस्त बनेको छ। एकातर्फ अस्पतालमा घाइते भरिएका छन् भने अर्कोतर्फ सुरक्षाका कारण अस्पतालका सेवा प्रभावित भएका छन्।

नयाँ बानेश्वरमा रहेको निजामती अस्पतालमा संसद् भवनको धुवाँ र प्रहरीको अश्रुग्यासले उपचारमा बाधा पुगेको छ। चिकित्सकहरू आफ्नो तालिकाअनुसार ड्युटीमा खटिन पाएका छैनन्। एउटै टिमले मंगलबार दिनभर उपचार गरेको अस्पतालका कार्यकारी निर्देशक डा. मोहनचन्द्र रेग्मीले बताए।

त्यस्तै, एभरेस्ट अस्पतालमा पनि घाइते खचाखच छन्। स्वास्थ्यकर्मीले बिहानदेखि रातिसम्म ड्युटी गरेका छन्। वीर र पाटन अस्पतालले मंगलबार ओपिडी सेवा नै बन्द गरेका छन्। घाइतेको उपचार सहज पार्न ओपिडी बन्द गरेको अस्पताल प्रशासनले जनाएको छ।

त्रिवि शिक्षण अस्पतालमा मंगलबार ओपिडी चले पनि बुधबारदेखि बन्द गरिँदै छ। यहाँ पनि आन्दोलनका घाइतेहरूलाई उपचारको लागि लगिएको छ।

अस्पतालहरूका अनुसार मंगलबार घाइते र मृत्यु हुनेको संख्या थपिएको छ। मंगलबार देशभर १५० भन्दा बढी घाइते भएका छन्। सोमबार ४२६ घाइते थिए। मंगलबारै प्रहरीको गोली लागेर अस्पताल पुऱ्याइएका घाइतेमध्ये थप चारजनाको मृत्यु भएको छ। तारकेश्वर सिटी अस्पतालमा एक र सिभिलमा तीनजनाको मृत्यु भएको हो। योसँगै प्रदर्शनकारीतर्फ मृत्यु हुनेको संख्या २४ पुगेको छ। त्यस्तै, मंगलबारै चार प्रहरीको पनि मृत्यु भएको छ।

कतिपय अस्पतालको संख्या अद्यावधिक नभएकाले बढ्न सक्ने बताइएको छ। आन्दोलनका कारण उपत्यकासहित प्रादेशिक र जिल्ला अस्पतालका इमर्जेन्सी पनि अस्तव्यस्त थिए। उपत्यकामा निजामती, केएमसी, पाटन, वीर र ट्रमा सेन्टरमा बिरामीको भिड लाग्यो। तर, एम्बुलेन्स नै तोडफोड भएपछि उपचारमा थप समस्या देखिएको अस्पतालहरूले जनाएका छन्।

त्रिवि शिक्षण अस्पतालका निर्देशक डा. सुभास आचार्यले मंगलबार ओपिडी चलाएको र बुधबारदेखि बन्द हुने बताए। उनका अनुसार अस्पतालका तीन एम्बुलेन्स जलाइएको छ। मंगलबार यहाँ २२ घाइते थपिएका छन्। त्यस्तै, केएमसीमा १६, सिभिलमा ११६, ट्रमामा २७ जना घाइते थपिएका छन्।

निजामती अस्पतालमा मंगलबार दुई एम्बुलेन्स तोडफोड भएकामा त्रिवि शिक्षण अस्पतालमा सोमबार दुई र मंगलबार एक एम्बुलेन्स तोडफोड गरिएका छन्। मन्त्रालयका अनुसार वीरको एक र ट्रमाका दुई एम्बुलेन्स पनि जलाइएको छ। एम्बुलेन्स जलाइएपछि बिरामी बोक्न एम्बुलेन्सचालक जान असुरक्षित महसुस गर्न थालेका छन्।

स्वास्थ्य मन्त्रालय जलाइएपछि व्यवस्थापनमा चुनौती

आन्दोलनकारीले स्वास्थ्य मन्त्रालय पनि जलाएका छन्। मन्त्रालय नै जलाइएपछि बिरामीको उपचार र अस्पताल व्यवस्थापनमा चुनौती थपिएको छ। संघीय अस्पताललाई सिधै स्वास्थ्य मन्त्रालयले चलाउँछ, तर मन्त्रालय नै जलेपछि बिरामीको उपचार सेवा र प्रक्रियामा समस्या उत्पन्न हुन थालेको स्वास्थ्यसचिव विकास देवकोटाले बताए। उनका अनुसार मन्त्रालयमा काम गर्ने अवस्था नभएकाले बाहिरै बसेर भए पनि अस्पताल संयन्त्रलाई परिचालन गरिएको छ। तर, अधिकांश अस्पतालले ओपिडी सेवा बन्द गरेका छन्। स्वास्थ्यकर्मी सिफ्टअनुसार अस्पताल आउ-जाउ गर्न सकेका छैनन्।

उपत्यकाका अधिकांश प्रहरी कार्यालयमा आगजनी, केही प्रहरीको मृत्यु

कर्फ्यु आदेशका बाबजुद मंगलबार बिहान १० बजेदेखि नै काठमाडौंमा आन्दोलन चर्किन थालेको थियो। प्रहरीकै कार्यालयमा आगजनी हुन थालेपछि प्रहरीहरू अन्य ठाउँबाट पनि पछि हटेका थिए। कार्यालय नै जलाउन थालेपछि प्रहरी कार्यालयहरू रित्तिन पुगे। प्रहरीले आफ्नै ज्यान जोगाउनुपर्ने अवस्था आयो। प्रहरी नै नभएपछि हिरासत कक्षबाट थुनुवाहरूसमेत भागे। त्यसपछि आन्दोलनकारीले प्रहरी कार्यालय जलाएका छन्।

उपत्यका प्रहरी कार्यालयसहित दर्जनौं कार्यालयमा आगजनी र तोडफोड गरेका छन्। केही प्रहरीको मृत्यु पनि भएको छ। महाराजगन्जमा प्रदर्शनकारीले एक प्रहरीलाई नियन्त्रणमा लिएर कुटपिट गरेकोमा उनको मृत्यु भएको थियो। उपत्यका ट्राफिक प्रहरी कार्यालय, बग्गीखाना जलेर ध्वस्त भएको छ। सो कार्यालय नियन्त्रणमा लिएर प्रदर्शनकारीले ट्राफिकका युनिफर्म र क्याप लगाएर प्रदर्शनमा गएका थिए।







ओली-देउवासहित...

पृष्ठ १ बाट क्रमशः

जसकारण उनीहरूप्रति नागरिकको भरोसा लगभग समाप्त भएको छ। त्यसो त, एमालेमा उपाध्यक्ष सुरेन्द्र पाण्डेसहित केही केन्द्रीय सदस्य, प्रदेश र जिल्ला अध्यक्ष, सांसद, पूर्वसांसदसहित नेता-कार्यकर्ताले ओलीलाई तत्काल सरकार छाड्न दबाब दिएका थिए। तर, ओलीले ती आवाजलाई गनेननू। काग्रेसभित्र पनि गगन थापा, विश्वप्रकाश शर्माले तत्काल सरकार छाड्न दिएको दबाबलाई देउवाले टेरेनन्। बरु उनले अन्तिम घडीसम्म मन्त्री फिर्ता नबोलाएर प्रधानमन्त्री ओलीलाई साथ दिइरहे।

देश शून्य अर्थात् राज्यविहीनताकै अवस्थामा पुगेको छ। नेपाली सेनाबाहेकका सबै सुरक्षा निकाय, राज्यका सबै संवैधानिक अंग र निकायहरू जिम्मेवारी पूरा गर्न नसक्ने अवस्थामा पुगेका छन्।

चौथोपटक मुलुकको प्रधानमन्त्री बनेका ओलीले संवाद, समन्वय र सहकार्यको सट्टा अन्तिम घडीसम्म दम्भ र अहंकार देखाइरहे। सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धविरुद्ध एक्कासि जनमत बढिरहँदा उनले उल्टै राष्ट्रियताको मुद्दासँग जोडेर जेन-जी पुस्ताको माग र चाहनाविपरीत अभिव्यक्ति दिए। जेन-जीलाई 'मागी खाने भाँडो' भनेर अपमानित गरे।

सर्वत्र परिस्थिति बिग्रिएपछि मात्रै प्रधानमन्त्रीले 'संविधानसम्मत राजनीतिक निकास र समस्या समाधानका लागि' भन्दै राजीनामा दिएका हुन्। ओलीले दिएको राजीनामा राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबारै स्वीकृत गरेका छन्। पौडेलले अर्को मन्त्रिपरिषद् गठन नभएसम्मका लागि जिम्मेवारी सम्हाल्न भनेका छन्।

पछिल्लो समय सरकारमा नरहेको भएपनि माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, सम्मानित नेता झलनाथ खनालप्रति पनि जनआक्रोश देखिएका छ। उनीहरू पनि अब सत्ता राजनीतिको केन्द्रमा नदेखिने आकलन छ।

नेपालमा भएका ठुला राजनीतिक परिवर्तनका आन्दोलन

००७ : काग्रेसको अगुवाइमा भएको आन्दोलनबाट दिल्लीमा तत्कालीन राजा, आन्दोलनकारी र राणाबिचको त्रिपक्षीय सम्झौताछि ००७ फागुनमा प्रजातन्त्र स्थापना भएको थियो। तर, प्रजातन्त्र एक दशकभन्दा बढी टिकेन, ०१७ मा तत्कालीन राजा महेन्द्रले कु गरेर निरंकुश पञ्चायती व्यवस्था सञ्चालन गरे।

०४६ : निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध ०४६ मा जनआन्दोलन भयो। उक्त आन्दोलनले संवैधानिक राजतन्त्रात्मक बहुलदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना गऱ्यो। काग्रेसले नेतृत्व गरेको ५० दिन लामो उक्त आन्दोलनमा विभिन्न कम्युनिस्ट पार्टीहरूको समूह संयुक्त वाम मोर्चा बनाएर आन्दोलनमा सहभागी थिए।

०६२/६३ : काग्रेस-एमालेसहित सात राजनीतिक दल र तत्कालीन विद्रोही माओवादीसमेत सामेल १९ दिने जनआन्दोलनबाट ११ वैशाख ०६३ मा लोकतन्त्र स्थापना भयो। ०६४ मा भएको संविधानसभा चुनावपछि १५ जेठ ०६५ मा नेपालमा लोकतान्त्रिक गणतन्त्र घोषणा भयो। जनआन्दोलनको उपलब्धि संस्थागत गर्दै ३ असोज ०७२ मा नेपालको संविधान जारी भयो।

०८२ : जेन-जी युवाले 'बेबी नेपो' र भ्रष्टाचारविरुद्ध अभियान चलाइरहँदा सरकारले २६ सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाइदियो। जेन-जीलाई आन्दोलनमा होमिन सरकारको यो कदम मुख्य आधार बन्यो। उनीहरूले सामाजिक सञ्जालको प्रतिबन्ध हटाउन माग राख्दै २३ भदौमा सुरु गरेको आन्दोलनले दुई दिनमै सत्तापलट गरिदियो। प्रधानमन्त्री केपी ओली र उनका साझेदार काग्रेस सभापति शेरबहादुर देउवा कलंकको टीका लगाएर राजनीतिको केन्द्रबाट किनारामा धकेलिएका छन्।

सबैजसो पुराना दलका कार्यालय आगजनी



काठमाडौं/ प्रदर्शनकारीले काग्रेस, एमाले, माओवादी र एकीकृत समाजवादीको पार्टी कार्यालयमा आगजनी गरेका छन्। केन्द्रको मात्रै नभई विभिन्न जिल्लाका कार्यालयमा पनि आक्रमण गरेका छन्। काग्रेसको केन्द्रीय कार्यालय सानेपामा ढुंगामुढा प्रहार गर्दै आगजनी पनि गरेका छन्। त्यस्तै, एमाले केन्द्रीय कार्यालय च्यासलमा पनि तोडफोड र आगजनी गरेका छन्। माओवादीको पेरिसडाँडास्थित केन्द्रीय कार्यालय र एकीकृत समाजवादीको आलोकनगरस्थित कार्यालयमा पनि आगजनी गरेका छन्।

राष्ट्रपतिदेखि नेताका घरसम्म आगजनी

राष्ट्रपति रामचन्द्र पौडेलदेखि एमाले अध्यक्ष केपी ओली, काग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष प्रचण्डलगायत ठूला नेताका घरमा प्रदर्शनकारीले आगजनी तथा तोडफोड गरेका छन्।

राष्ट्रपति पौडेलको बोहराटारस्थित निजी निवासमा आगजनी गरेका हुन्। त्यस्तै, प्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी ओलीको भक्तपुरस्थित ओलीनिवासमा आगजनी गरेका छन्। प्रदर्शनकारी तोडफोडमा उत्रिँदा प्रहरीले अश्रुग्याससमेत प्रहार गरेको थियो। ओलीको झापाको घरमा पनि आगजनी गरेका छन्।

त्यस्तै, काग्रेस सभापति शेरबहादुर देउवाको बुढानीलकण्ठस्थित निवासमा प्रवेश गरेर आगजनी गरेका छन्। देउवा र उनकी श्रीमती परराष्ट्रमन्त्री आरजु देउवा राणालाई कुटपिट र लछारपछार गरी सेनाको जिम्मा लगाएपछि घरमा आगो लगाएका हुन्। सार्वजनिक भिडियोमा देउवालाई चउरको बिचमा बसालिएको, वरिपरि सेना र सशस्त्र प्रहरीले सुरक्षा दिइरहेको र केही प्रदर्शनकारीले उनीहरूलाई गाली गरिरहेको सुनिन्छ।

माओवादी अध्यक्ष प्रचण्डको ललितपुर खुमलटारनिवास तोडफोड गरेका छन् भने चितवनको घरमा आगजनी गरेका छन्। खुमलटारमा बिहानै ढुंगामुढा प्रहार गरेका थिए। माओवादी नेता नारायणकाजी श्रेष्ठको भाडाको घरमा पनि तोडफोड गरेका छन्।

त्यस्तै, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालको कोटेश्वरस्थित घर र सम्मानित नेता झलनाथ खनालको डल्लुस्थित घरमा प्रदर्शनकारीले आगजनी गरेका छन्। आगजनी हुँदा घरमै रहेकी खनालकी श्रीमती रविलक्ष्मी चित्रकार गम्भीर घाइते भएकी छिन्। उनको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भइरहेको छ।

काग्रेस नेता गगन थापाको रातोपुलस्थित निवासमा पनि ढुंगामुढा गरेका छन्। घरमा पार्किङ गरिराखेको गाडीमा आगजनी गरेका छन्। त्यस्तै, एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेको स्वयम्भूस्थित घरमा आगजनी गरेका छन्।

एमाले नेता एवं सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङको ललितपुर सुनाकोठीस्थित घरमा आगजनी गरेका छन्। एमालेकै महासचिव शंकर पोखरेल, नेताहरू महेश बस्नेत र गोकुल बाँस्कोटा, एकीकृत समाजवादीमा सांसद प्रेम आले र माओवादीका पूर्वसांसद रामनारायण बिडारीको घरमा पनि प्रदर्शनकारीले आगजनी गरेका छन्। माओवादी उपाध्यक्ष एवं पूर्वसभामुख अग्नि सापकोटाको घरमा पनि तोडफोड गरेका छन्।

शिव श्री हाइड्रोपावर लिमिटेड
Shiva Shree Hydropower Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं. १०, बुद्धनगर, काठमाण्डौं
फोन : ०१-४७९६३४६, इमेलः info@shivashreehydro.com.np, वेवसाइटः www. shivashreehydro.com.np
को
मिति २०८२/०४/१६ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि
१ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा
मिति २०८२ भदौ १५ गते देखि निष्काशन भैरहेको
हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद
२०८२ असोज ०८ गते बैंकिङ्ग समयसम्म
अन्य विस्तृत जानकारीका लागि मिति २०८२/०५/०१ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.citizenscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइट:www.shivashreehydro.com.np मा हेर्नुहुन समेत अनुरोध गर्दछौं ।
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
Citizens Capital Ltd.
(A Subsidiary Of Citizens Bank International Limited)
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७४५७
इमेलः info@citizenscapital.com.np, वेवसाइटः www.citizenscapital.com.np

शान्ति-सुरक्षाको कमान्ड सेनाको हातमा

सेनाको नेतृत्वमा सबै सुरक्षाफौज परिचालित, वार्ताका लागि प्रधानसेनापतिको आह्वान



नयाँ पत्रिका

नेपाली सेनाले मंगलबारदेखि आन्तरिक शान्ति-सुरक्षाको कमान्ड लिएको छ। सेनाले आन्दोलनरत युवा समूहलाई वार्ताका लागि आह्वान गरेको छ भने सेनाकै सुरक्षा रणनीतिअनुसार रातिदेखि संयुक्त रूपमा सुरक्षाफौज परिचालन भएको छ। मंगलबारै राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानसेनापति अशोकराज सिग्देलले आन्दोलन स्थगित गरेर वार्तामा आउन आन्दोलनकारीलाई आह्वान गरेका हुन्।

आन्दोलनका क्रममा मंगलबार दिउँसो सरकारी निकायमा भएको ठुलो क्षतिपछि साँझदेखि सेनाको नेतृत्वमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोली परिचालन भएको छ। नेपाल र नेपालीको सुरक्षाका लागि स्थिति नियन्त्रण गर्न भन्दै सेनाले राति १० बजेदेखि सेना र सुरक्षा निकाय संयुक्त रूपमा परिचालित भएको सेनाले जनाएको छ।

'सम्पूर्ण राष्ट्रवासीलाई सहयोगका लागि हार्दिक अपिल गर्दछौं,' सेनाले विज्ञप्तिमा भनेको छ, 'तत्पश्चात् सुरक्षा स्थितिको पुनः मूल्यांकन गरी थप सूचना जारी गरिनेछ।'

सेनाले लुटपाटमा संलग्नलाई बेलुका विभिन्न स्थानबाट नियन्त्रणमा लिएको छ। उता नेपाल प्रहरी र सशस्त्र प्रहरीले मंगलबार शान्ति-सुरक्षाका लागि सहयोग गर्न अपिल जारी गरेका छन्। संयुक्त सुरक्षा परिचालनको मोडालिटीबारे सेनाले थप बताएको छैन। तर, अर्को सुरक्षा निकायका एक उच्च अधिकारीले तत्काललाई सेनाको नेतृत्व र उसको सुरक्षा रणनीतिअनुसार सबै सुरक्षा निकाय परिचालित भएको र यो बाध्यात्मक अवस्था भएको बताए।

'हालको विषम परिस्थितिको अनुचित फाइदा उठाई केही समूहहरूले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्तिसमेतमा अत्यधिक क्षति पुऱ्याउने, लुटपाट एवं आगजनी गर्ने कार्य भइरहेको हुँदा यस किसिमका गतिविधि नगर्न/नगराउन नेपाली सेना पुनः आह्वान गर्दछ,' सेनाले मंगलबार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ।

त्यसअघि राष्ट्रको नाममा सन्देश जारी गर्दै प्रधानसेनापति सिग्देलले विषम परिस्थितिमा निकासका लागि आन्दोलनरत समूहलाई वार्ताको लागि आह्वान गरेका छन्। 'यस विषम परिस्थितिबाट राष्ट्रलाई शान्तिपूर्ण तवरले निकास दिनको लागि आन्दोलनरत समूहहरूलाई आन्दोलनका कार्यक्रम स्थगित गरी वार्ताको निमित्त आह्वान गर्दछौं,' प्रधानसेनापतिले भनेका छन्। उनले जनधनको क्षतिप्रति गहिरो दुःख प्रकट गरेका छन्।

'आन्दोलनको क्रममा हालसम्म धेरै जनधनको क्षति भइसकेको हुँदा जनधनको थप क्षति हुन नदिन, शान्ति-सुरक्षा, अमन-चयन एवं राष्ट्रिय एकता र सद्भाव कायम गर्नु हामी सबै नेपालीको साझा दायित्व हो,' प्रधानसेनापतिले भनेका छन्, 'वर्तमान असहज परिस्थितिलाई सामान्यीकरण गर्दै राष्ट्रिय एवं ऐतिहासिक सम्पदा, सार्वजनिक एवं नागरिकहरूको सम्पत्ति, आमनागरिक, मित्रराष्ट्रका कूटनीतिक नियोग तथा नागरिकहरूलाई सुरक्षाको प्रत्याभूति दिई राष्ट्रको सर्वोपरि हितको रक्षा गर्नु हामी सबैको साझा कर्तव्य हो।'

सेनाले मंगलबार दिउँसो पनि विज्ञप्ति जारी गरी राष्ट्रको सर्वोपरि हितको रक्षा गर्नु सबैको कर्तव्य भएको उल्लेख गरेको थियो। सेनाले परिस्थितिलाई थप जटिल हुन नदिन पनि आह्वान गरेको थियो। मंगलबारै प्रधानसेनापति सिग्देल, मुख्यसचिव एकनारायण अर्याल, गृहसचिव गोकर्णमणि दवाडी, सशस्त्रका आईजिपी राजु अर्याल, नेपाल प्रहरीका आईजिपी चन्द्रकुवेर खापुङ र अनुसन्धान विभागका प्रमुख हुतराज थापाले सार्वजनिक विज्ञप्ति जारी गरी विषम परिस्थितिमा जनधनको थप क्षति हुन नदिन र राजनीतिक संवादमार्फत निकास निकाल्न आह्वान गरेका थिए।

कारागारबाट रिहा भएपछि रविले भने- अबको सरकार जेन-जीकै मागअनुसार हुनुपर्छ

नयाँ पत्रिका

चौतर्फी दबाबपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई सरकारले रिहा गरेको छ। जेन-जीको आन्दोलन चर्किँदै गएपछि नक्खु कारागार प्रशासनले गृहसचिवस्तरीय निर्णयअनुसार कागज गरेर मंगलबार उनलाई पत्नी निकिता पौडेलको जिम्मा लगाएको हो।



'आमनागरिकको दबाबपछि सरकारले मेरो रिहाइको लागि कानुनबमोजिमको प्रकिया पूरा गरी पत्र थमाएपछि मात्रै म कारागारबाट रिहा भई सिधै आमनागरिकसामु आउन पाएको हुँ,' रिहा भएपछि लामिछानेले भनेका छन्, 'यसका बाबजुद पनि मुलुकको कानुनप्रति बफादार हुँदै भविष्यमा आइपर्ने सम्पूर्ण आवश्यक कानुनी प्रक्रियाका लागि तयार रहेको जानकारी गराउँदछु।'

लामिछानेले अब देशको नेतृत्व जेन-जीले चाहेअनुसार हुने बताएका छन्। 'यो आन्दोलन विशुद्ध जेन-जीको हो। मुलुकको अबको नेतृत्व जेनजीकै मागअनुसार र जेन-जीकै परिकल्पनाअनुरूप अघि बढ्नुपर्छ भन्ने कुरामा म स्पष्ट छु। र, म सदैव नागरिक सर्वोच्चताको पक्षमा छु,' उनले भनेका छन्।

लामिछानेले नेताका सम्पत्ति पूर्ण रूपमा राष्ट्रियकरण गर्नुपर्ने माग पनि अघि सारेका छन्। 'यस देशका लुटेराहरूले सजाय पाउने क्रम जारी छ। यिनको निजी सम्पत्ति यिनको होइन, देशको तीन पुस्तालाई लुटेर यिनीहरूले जोडेका हुन्। यिनको बाँकी सम्पत्ति पनि पूर्ण रूपमा राष्ट्रियकरण गरिनुपर्छ र यिनीहरूलाई कानुनी दायरामा समेत ल्याउनैपर्छ,' उनले भनेका छन्।

सभापति लामिछानेले राष्ट्रका सम्पत्तिहरू जोगाउन र सबैलाई संयमित हुन अपिल गरेका छन्। 'राष्ट्रिय सुरक्षासँग सरोकार राख्ने प्रहरी, सुरक्षा निकाय, न्यायालयलगायतका दस्ताबेज राष्ट्रका महत्त्वपूर्ण सम्पत्ति हुन्, तिनको संरक्षण गर्न सकिएन भने मुलुकको संवेदनशील दस्ताबेजहरू नास हुन सक्छन्। जुन तपाईं-हाम्रा लागि र यो देशका लागि अत्यन्त क्षतिपूर्ण हुन सक्छन्। सरकारी सम्पत्तिहरू क्षति हुँदा राष्ट्रकै सम्पत्तिको क्षति हुने हुँदा यसको संरक्षण गर्ने जिम्मेवारी पनि हाम्रै हो। हामीले अब अत्यन्त संयमित भई राष्ट्रका सम्पत्ति जोगाउन जरुरी छ,' उनले आफ्नो अपिलमा भनेका छन्।

मोदीको चासो, भारतीय मन्त्रिपरिषद्मा छलफल

नयाँ पत्रिका

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको घटनाबारे चासो व्यक्त गरेका छन्। भारतको सुरक्षासम्बन्धी मन्त्रिपरिषद् समितिको बैठकमा नेपालको घटनाक्रमबारे विस्तृत छलफल भएको उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्।

'नेपालमा भएको हिंसा हृदयविदारक छ। धेरै युवाहरूले आफ्नो ज्यान गुमाउनुपरेकोमा मेरो मन अत्यन्तै विचलित छ,' मोदीले लेखेका छन्, 'नेपालको स्थिरता, शान्ति र समृद्धि अत्यन्त महत्त्वपूर्ण छ। म नेपालका सबै मेरा दाजुभाइ तथा दिदीबहिनीलाई शान्ति-व्यवस्था कायम राख्न विनम्रतापूर्वक अपिल गर्दछु।'

यसअघि भारतीय विदेश मन्त्रालयले विज्ञप्ति जारी गर्दै संयम अपनाउन र शान्तिपूर्ण तरिकाले संवादमार्फत समाधान गर्न सुझाव दिएको थियो। 'नेपालको नजिकको मित्र र छिमेकीका रूपमा भारत सबै पक्षले संयम अपनाई समस्याहरूलाई शान्तिपूर्ण तरिकाले र संवादमार्फत समाधान गर्नुपर्ने विश्वास गर्दछ,' विदेश मन्त्रालयको विज्ञप्तिमा थियो।

काठमाडौंसहित विभिन्न सहरमा जारी गरिएको निषेधाज्ञाबारे पनि जानकारी लिएको उल्लेख गर्दै भारतले नेपालमा रहेका भारतीय नागरिकलाई सतर्क रहन र नेपाली अधिकारीहरूले जारी गरेका नियम तथा निर्देशनहरूको पूर्ण पालना गर्न पनि भनेको छ।

संसद् भवन, सिंहदरबार, राष्ट्रपति कार्यालय, मन्त्रीक्वार्टरदेखि सर्वोच्च अदालतसम्ममा आगजनी

महत्त्वपूर्ण सरकारी कागजात र अभिलेख बने खरानी

नयाँ पत्रिका

सोमबार बानेश्वरमा गोली हानेर सरकारले आन्दोलनमा उत्रिएका विद्यार्थी मारेपछि उत्तेजित भएका आन्दोलनकारीहरूले आन्दोलनलाई थप आक्रामक बनाउँदै लगे। मंगलबार उनीहरूले सरकारी कार्यालयहरूमा आगजनी र तोडफोड गरेका छन्।

आन्दोलनकारीहरूले मंगलवार साँझ राष्ट्रपति कार्यालय शीतल निवासमा तोडफोड र आगजनी गरे। हजारौंको भिडले सबै सुरक्षा तह पार गर्दै शितल निवास छिरेर आगजनी र तोडफोड गरेको थियो। सोमबार नै ठूलो प्रयत्न गरेका आन्दोलनकारी मंगलवार बानेश्वरको संसद् भवनमा छिरेर आगजनी गर्न सफल भए। आगजनीपछि संसद् भवन ध्वस्त बनेको छ।

आन्दोलनकारीहरूले सिंहदरवारमा पनि ठूलो क्षति गराएका छन्। सिंहदरवारमा रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आगजनी गरेका छन्। साथै, सिंहदरवारभित्र रहेका अधिकांश मन्त्रालयमा पूर्ण र आंशिक तोडफोड तथा आगजनीबाट क्षति भएको छ। सिंहदरवारभित्र २२ वटा मन्त्रालय छन्। आन्दोलनकारीहरूले गृह, परराष्ट्र, भौतिक पूर्वाधार, खानेपानी, कृषि मन्त्रालय लगायतमा ठूलो क्षति पुऱ्याएका छन्। यस्तै, नेपाल टेलिभिजनमा पनि आगजनी र तोडफोड गरेका छन्। सिंहदरवारबाहिरको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पनि आगजनी भएको छ। मन्त्रालयहरूका दर्जनौं गाडी जलेर नष्ट भएका छन्।

आन्दोलनकारीहरूले सर्वोच्च अदालतको भवनमा पनि आगो लगाइदिएका छन्। काठमाडौं जिल्ला अदालत र विशेष अदालत पनि तोडफोड र आगजनीबाट अछुतो रहेन। अदालतमा आगजनी र तोडफोड गर्दा हजारौं मुद्दा र त्यससम्बन्धी कागजातहरू जलेका छन्। सर्वोच्चसँगै जोडिएको महान्यायाधिवक्ता कार्यालयमा पनि आगजनी भएको छ।

यसैगरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टंगालस्थित केन्द्रीय कार्यालयमा पनि आगजनी भएको छ। आयोगको अघिल्लो भागमा आगजनी भएको छ। काठमाडौं जिल्ला प्रशासनलाई त लक्षित नै गरेर खरानी नै बनाइदिएका छन्। बबरमहलमा सडक विभागको नयाँ भवन र महालेखा परीक्षक कार्यालयका भवन पनि आगजनीमा परेका छन्। सानो गौचरनमा रहेका विद्युत विकास विभाग र विद्युत नियमन आयोगको भवनमा पनि आगजनीसहित तोडफोड भएको छ। विभाग र आयोगमा रहेका कागजात आन्दोलनकारीहरूले सडकमा च्यातचुत पारेर छर्ने र आगो लगाइदिएका छन्।



ललितपुरको भैंसेपाटीस्थित मन्त्री क्वार्टर

■ मुख्यमन्त्री तथा प्रदेश प्रमुखनिवासमा आगजनी

भ्रष्टाचारको छानबिन र सामाजिक सञ्जाल बन्दविरुद्ध सोमबारदेखि आन्दोलित बनेका जेन-जीले मंगलबार बिहान करिब ९ बजे सुनाकोठीस्थित सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको निजी निवासमा आगजनी गरेका थिए। त्यहाँ आगजनी हुनेबित्तिकै ललितपुरको भैंसेपाटीस्थित मन्त्री क्वार्टर तथा सातवटै प्रदेशका प्रदेश प्रमुख र मुख्यमन्त्रीको निवासमा पनि जेन-जीले आगजनी गर्ने हल्ला साढे १० बजेतिर भैंसेपाटी क्षेत्रमा फैलिसकेको थियो।

सातदोबाटोमा आगजनी गरिरहेको समूहले मन्त्री क्वार्टरमा आगजनी गर्न आउने संकेत पाएलगत्तै क्वार्टरभित्र रहेका मन्त्रीहरूलाई सुरक्षित स्थानमा सार्न सेनाको हेलिकोप्टर परिचालन गरिएको थियो। करिब १२ बजे तीनवटा हेलिकोप्टर एकैपटक भैंसेपाटी क्षेत्र अवतरण गरेको थियो।

सुरुमा मन्त्री क्वार्टरको उत्तरपट्टि रहेको खेलमैदानमा हेलिकोप्टर पालैपालो अवतरण गरेर मन्त्रीहरूलाई ओसारिएको थियो। खेलमैदानको चारैतिर सेनाले बन्दुक ताकेर बस्ने र मन्त्रीहरूलाई अरू सैनिक अधिकारीले सुरक्षा घेरामा हेलिकोप्टरसम्म लगिएको थियो।

पहिलो चरणमा मन्त्री ओसारेपछि आन्दोलित समूहबिच 'मन्त्रीहरू देश छाडेर भाग्न लागेको' सन्देश फैलियो। त्यसपछि आक्रोशित युवाहरूको ठुलो समूहले भैंसेपाटीस्थित मन्त्री निवास घेराउ गरेको थियो। त्यस क्रममा सरकारविरुद्ध चर्को नाराबाजीसमेत भयो।

सेनाको सीमित हेलिकोप्टरले मन्त्री ओसार्दा समय लाग्ने देखेपछि निजी हेलिकोप्टरसमेत परिचालन भएको थियो। भिडले क्वार्टरबाहिरको खेलमैदानबाट मन्त्री ओसार्न अवरोध गरेपछि क्वार्टरभित्रकै साँघुरो ठाउँमा हेलिकोप्टरलाई जोखिमपूर्ण रूपले अवतरण गरेर मन्त्रीहरू ओसारिएको थियो। दिउँसो करिब साढे १२ बजेसम्ममा सबै मन्त्रीलाई क्वार्टरबाट सारिएको थियो भने कर्मचारीलाई पनि बाहिर निकालिएको थियो।

सेनाको प्रत्यक्ष सुरक्षामा मन्त्रीहरूलाई हेलिकोप्टरसम्म लैजाने व्यवस्था गरिएकाले युवाहरूले खासै प्रतिवाद गर्न सकेनन्। अर्कातिर, तुलनात्मक रूपमा युवाहरूको संख्या पनि कम थियो, तर क्वार्टर खाली हुनासाथ युवाहरूको संख्या पनि बढ्यो। ठुलो समूह मन्त्री क्वार्टर हुँदै भैंसेपाटी आवास क्षेत्रमा भरिभराउ भयो।

मन्त्री निकालेर कर्मचारीसमेत बिदा गरेकाले सुरक्षा निकायले पनि आन्दोलित समूहलाई आगजनी गर्नबाट रोक्न खासै बल प्रयोग गरेन। त्यसैले आन्दोलित समूह सुरुमा मन्त्री क्वार्टरको होर्डिङ बोर्ड भत्काउँदै भित्र प्रवेश गरेको थियो।

आन्दोलनकारीले मन्त्री क्वार्टरको गेटबाट प्रवेश गर्नासाथ 'वाटर फल' क्षणभरमै ध्वस्त बनाए। त्यसपछि सबै भवनमा आगजनी सुरु गरे। अधिकांश युवाले पहिलो तलामा गएर आगजनी गरेका थिए। त्यहाँ आगजनी गर्नासाथ भान्सामा रहेको ग्यास सिलिन्डर पड्केर आगलागीले ठुलो रूप लिएको थियो।

आन्दोलनमा सहभागी अर्को समूह मन्त्री क्वार्टरकै सम्मुखमा रहेको प्रदेश प्रमुख तथा मुख्यमन्त्रीनिवासको गेटमा रहेको होर्डिङ बोर्ड भत्काउँदै भित्र प्रवेश गरेको थियो। उनीहरूले पनि सबै भवनमा आगजनी गरे। दुवैतर्फका भवनमा आगजनी सुरु भएपछि भान्सामा रहेका ग्यासका सिलिन्डर धमाधम पड्केर आगलागीले झन् ठुलो स्वरूप लियो भने भैंसेपाटी आवास क्षेत्रमा निरन्तर पड्केको सिलिन्डरको ठुलो आवाजले त्रास पैदा गरेको थियो।

एक चरण आगजनी सकेपछि केही युवाहरूले मन्त्री क्वार्टरको दक्षिणपट्टि रहेको गणेश मन्दिरआसपास जम्मा भएका स्थानीयलाई आन्दोलनमा साथ दिन आग्रह गरेका थिए। स्कुटरमा आएका उनीहरूले 'मान्छे मार्ने संविधान चाहिँदैन' भन्दै स्थानीयको समर्थन जुटाए। 'हामी अन्यत्र पनि जानु छ, यहाँ मात्रै बसेर आन्दोलन सफल हुँदैन,' स्कुटरमा आएका युवाले भने, 'अब यहाँको आन्दोलनको जिम्मा तपाईंहरू (स्थानीय)ले लिनुपर्छ।' उनले यसो भन्नासाथ करिब दुई सयको संख्यामा उपस्थित स्थानीयले पनि ताली बजाएर साथ दिएका थिए।

केही स्थानीय युवा आगजनीका लागि मन्त्री क्वार्टरतिर लागेका थिए। साढे २ बजेतिर मन्त्री क्वार्टर र प्रदेश प्रमुख तथा मुख्यमन्त्रीनिवासका भवनहरू दनदनी आगो लागेको थियो। केही युवाले मन्त्री क्वार्टरको धुरीमा चढेर राष्ट्रिय झन्डासमेत फहराएका थिए।

आन्दोलित युवाहरूले मन्त्री क्वार्टरभित्रको एउटा गाडीलाई पूर्ण रूपले जलाएर नष्ट गरेका छन्। त्यस्तै, सबै भवनको अधिकांश भाग जलेर नष्ट भएको छ। करिब २ बजेतिर सेनाको एउटा टुकडी जलिरहेको मन्त्री क्वार्टरभित्र पसेको थियो। तर, उनीहरू आन्दोलित समूहको अगाडि निरीह देखिन्थे।

यत्रतत्र आन्दोलित युवाहरूले नारा-जुलुस गर्ने, निवासको झ्यालको सिसा फुटाउनेलगायत कार्य गर्दा पनि हस्तक्षेप नगरी सैनिकहरू एउटा कुनामा जम्मा भएर बसेका थिए।

■ सञ्चारमाध्यमका कार्यालयमा आगजनी

जेन-जी प्रदर्शनकारीले कान्तिपुर मिडिया ग्रुपअन्तर्गतका सञ्चारमाध्यमदेखि न्युज २४, अन्नपूर्ण पोस्टलगायतको कार्यालयमा आगजनी गरेका छन्। नेपाल पत्रकार महासंघका अनुसार प्रदर्शनकारीले कान्तिपुर मिडिया ग्रुपअन्तर्गत तीनकुनेमा रहेको कान्तिपुर टेलिभिजनको कार्यालय, थापाथलीस्थित कान्तिपुर दैनिक, इकान्तिपुरडटकम र द काठमाण्डु पोस्टको कार्यालयमा समेत आगजनी गरेका छन्।

आगजनीपछि इकान्तिपुरको प्रसारण रोकिएको छ। त्यस्तै, टेलिभिजन र पत्रिकाको प्रसारण तथा प्रकाशन पनि प्रभावित बनेको छ। यस्तै, उनीहरूले तीनकुनेस्थित अन्नपूर्ण पोस्ट दैनिकको कार्यालयमा पनि आगजनी गरेका छन्। प्रदर्शनकारीले महाराजगन्जस्थित न्युज-२४ को गाडीमा आगजनी गरेका छन्। कार्यालयमा प्रवेश गरी लाइभ डिभाइस र क्यामेरा खोसेर नष्ट गरेका छन्। उनीहरूले नेपाल पत्रकार महासंघअन्तर्गतका शाखा कार्यालयमा पनि आगजनी तथा तोडफोड गरेका छन्। महासंघका अनुसार महासंघको सप्तरीस्थित शाखा कार्यालयमा आगजनी गरेका हुन्। त्यसबाहेक बबरमहलस्थित प्रेस सेन्टरको कार्यालय भवनमा आगजनी गरेका छन्। बुटवलस्थित रेडियो जागरणको भवनमा पनि तोडफोड गरेका छन्। आन्दोलनकारीले सिंहदरबारस्थित सार्वजनिक प्रसारण सेवाको कार्यालय तोडफोड र आगजनी गरेका छन्। महासंघले सञ्चारगृहमा भएका आगजनी र तोडफोडको निन्दा गरेको छ।

महासंघका महासचिव रामप्रसाद दाहालले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'विभिन्न सञ्चारगृह, पत्रकार महासंघका शाखा, सञ्चारसम्बद्ध संगठनको भवनमा तोडफोड, आगजनी र सञ्चारमाध्यमको सवारीसाधन तोडफोड भएको घटनाप्रति नेपाल पत्रकार महासंघ घोर निन्दा र भर्त्सना गर्दछ। महासंघ शान्तिपूर्ण विरोधमार्फत आफ्ना माग राख्न पाउने अधिकारको सम्मान गर्दै जेन-जीसमक्ष पत्रकारिता क्षेत्रमा आक्रमण नगर्न पुनः आग्रह गर्दछ।'

मधेशका मुख्यमन्त्री सिंहले दिए राजीनामा



मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले राजीनामा दिएका छन्। जेन-जी आन्दोलनका क्रममा प्रदर्शनकारीको ज्यान गएको घटनाप्रति दुःख प्रकट गर्दै मुख्यमन्त्री सिंहले मंगलबार सार्वजनिक सञ्जालमार्फत राजीनामा दिएको घोषणा गरेका हुन्।

'नागरिकको ज्यानभन्दा ठुलो अरू केही छैन भन्ने अटल विश्वासका साथ, जनताको अधिकार र भविष्यप्रति उत्तरदायी हुँदै म मधेश प्रदेशको मुख्यमन्त्री पदबाट राजीनामा गर्दछु,' उनले लेखेका छन्।

बोक्सी आरोपमा कपाल मुन्डन गरी मलमूत्र खुवाइयो

रौतहटमा **अशोक पहाडी**

रौतहटको गरुडामा बोक्सीको आरोपमा एक महिलालाई कपाल मुन्डन गरी मानव मलमूत्र खुवाइएको छ। गरुडा नगरपालिका- ८ बसबिट्टी जिंकडियाका रामएकवाल साह बानियाँकी ५५ वर्षीया श्रीमती सुशीला देवीलाई छिमेकीहरूले बोक्सीको आरोपमा निर्घात कुटपिट गर्दै कपाल मुन्डन गरी मानव मलमूत्र खुवाएका हुन्।

४० वर्षीय दिनेश साह कानु, उनका छोरा २२ वर्षीय गोलु साह कानु र ३५ वर्षीय विक्रम साह कानुलगायत मिलेर आइतबार सुशीलालाई बोक्सीको आरोप लगाउँदै सामूहिक कुटपिट गरेका हुन्। दिनेश साह कानुकी ३७ वर्षीया श्रीमती संगीतादेवी बिरामी भएपछि उनलाई उपचारका लागि गरुडास्थित रोमा अस्पताल पुऱ्याइयो। त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि वीरगन्ज लैजाने क्रममा आइतबार दिउँसो २ बजे बाटोमै मृत्यु भयो।

संगीतादेवीको मृत्यु भएपछि छिमेकी सुशीलादेवीले टुनामुना गरेको आरोप लगाउँदै मृतकका परिवारजनले उनलाई कुटपिट गरी कपाल मुन्डन गरी मलमूत्र खुवाएका हुन्। घटनाबारे जानकारी पाउनासाथ दिउँसो करिब तीन बजे प्रहरी टोली घटनास्थल पुगेको थियो। इलाका प्रहरी कार्यालय गरुडाका सइ ज्ञानेन्द्र ढकालको कमान्डमा पुगेको टोलीले पीडित महिलालाई उद्धार गरेको थियो। कुटपिटमा संलग्न तीनैजना फरार भएको प्रहरीले जनाएको छ।

पीडित परिवारले दोषीलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न माग गर्दै इलाका प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएका छन्। इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले घटनाको पुष्टि गर्दै बोक्सीको आरोपमा कुटपिट गर्ने सातजनाविरुद्ध जाहेरी परेको बताए।

'कुटपिटका साथै टाउको मुन्डन गरेको पुष्टि भयो, तर मानव मलमूत्र खुवाएको हो कि होइन, यसबारे अनुसन्धान भइरहेको छ,' उनले भने। घटनालगतै पीडक घर छाडेर फरार भएकाले उनीहरूको खोजी भइरहेको कार्कीले बताए।

शव जलाएर काजकिरिया गरिसकेका व्यक्ति घरमा आएपछि...

दाङमा **दीपक बोहरा**

दाङको तुलसीपुर उपमहानगरपालिका- ६ गोलौराका ४६ वर्षीय शंकर भण्डारी रोजगारको सिलसिलामा गत २४ जेठमा भारत गए। तर, भारत गएपछि उनी सम्पर्कविहीन बने। घरबाट नेपालगन्ज जाँदासम्म सम्पर्कमै रहे पनि भारत पुगेको दुई महिनासम्म पनि सम्पर्कमा नआएपछि परिवारले खोजी गरे। खोजी गर्दा उनीजस्तै अनुहारका व्यक्ति दुर्घटनामा परी मृत्यु भएको जानकारी आयो। त्यसपछि उनलाई ल्याउन शंकरका दाजुका छोरा कृष्ण भण्डारी भारत गए। भारत गएपछि उनकै जस्तो अनुहार भएका व्यक्तिको अस्पतालमा मृत्यु भएको भनिएपछि उनी शंकर नै भएको भन्दै शव घरमा ल्याइयो। २७ साउनमा शव तुल्सीपुर ल्याएर अन्त्येष्टि गरेर काजकिरिया गरियो।

तर, काजकिरिया सकिएको केही महिनामै सम्बन्धित व्यक्ति सम्पर्कमा आए। सोमबार मात्रै शंकरले आफू अमिलिया पुगेको भनी श्रीमतीलाई फोन गरे। मृत्यु भइसकेको भनिएको र काजकिरिया नै गरिसकेको व्यक्ति जिउँदै भएको भनी स्वयंले फोन गर्दा घरपरिवार अचम्मित भए। 'आफू घर आउँदै गरेको, अमिलिया आएको भनेपछि हामी अचम्मित भयौं,' शंकरकी श्रीमती देविका भण्डारीले भनिन्, 'मरिसकेको र किरिया गरेको व्यक्ति त अर्कै पो हुनुहुँदो रहेछ।'

शंकर अहिले तुल्सीपुर- ६ रजौरास्थित आफन्तको घरमा बसेका छन्। एकपटक काजकिरिया गरिसकेको व्यक्तिको पुनः न्वारन र बिहे गरेपछि मात्रै घर जानुपर्ने धार्मिक मान्यता छ। सोहीअनुसार पुनः बिहे गरेर मात्रै घर जाने



तुल्सीपुर- ६ रजौरास्थित आफन्तको घरमा बसेका शंकर

भनेर आफन्तीको घरमा बसेको शंकरले बताए। 'अब फेरि सीधै घर जान मिल्दैन रे,' उनले भने, 'फेरि न्वारन गरेर, बिहे गरेपछि मात्रै घर जान मिल्ने भएकाले त्यो विधि पुऱ्याएर मात्रै घर जान्छु।'

शंकर घर आउँदा उनलाई आफ्नो काजकिरिया भइसकेको भन्ने थाहा थिएन। अमिलिया आएर श्रीमतीलाई फोन गरेपछि मात्रै थाहा भएको उनले बताए। नेपालबाट गएर उनले भारतको गोवामा डुंगामा काम गर्दै आएका थिए। आफूसँग पैसा नभएकाले सिम किन्न नसकेको र त्यसले गर्दा घरपरिवारसँग सम्पर्कमा आउन नसकेको उनको भनाइ छ। 'मसँग पैसा थिएन, त्यसैले सिम किन्न पाएको थिइनँ,' उनले भने, 'पैसा आएपछि सिम किन्नुपर्ला भनेको थिएँ, छिट्टै घर आउनुपर्ने भयो, अनि एकैपटक अमिलिया आएर फोन गरौं।' उनका एक छोरा र छोरी छन्। भण्डारी तीन वर्षअघि सशस्त्र प्रहरीबाट अवकाश भएका हुन्।

नक्खु, कास्की, महोत्तरी, कैलाली र कञ्चनपुर कारागारबाट निस्किए कैदीबन्दी



कैलाली कारागारबाट निस्किँदै गरेका कैदीबन्दी



अन्य जिल्लाका जस्तै आफूहरू पनि निस्किन पाउनुपर्ने मागसहित आन्दोलनमा उत्रिएका जाजरकोट जिल्ला कारागारका कैदीबन्दी



मंगलबार साँझ आन्दोलनकारी कञ्चननपुर कारागारभित्र पसेपछि खुसी हुँदै भाग्दै गरेका कैदीबन्दी

नयाँ पत्रिका

आन्दोलनकारीले ललितपुरको नक्खु, कास्की, महोत्तरी, दाङको तुलसीपुर, कैलाली र कञ्चनपुर कारागारबाट कैदीबन्दीलाई जेलबाट निकालेका छन्। ठुलो संख्यामा कारागार पुगेका प्रदर्शनकारीले जेलमा तोडफोड र आगजनीसमेत गरेका छन्।

नक्खु कारागारमा आगजनी भएपछि कैदी भागे पनि संख्या यकीन भएको छैन। जनकपुर बम काण्डमा दोषी ठहर भएर सजाय काटिरहेका पूर्वराज्यमन्त्री सञ्जय टक्ला पनि नक्खु कारागारबाट भागेका हुन्।

जेन-जी आन्दोलनकर्मी कारागार सुरक्षामा खटिएका केही प्रहरीमाथि कुटपिटसमेत गरेपछि कास्कीमा सात सय ७३ कैदीबन्दी भागेका छन्।

महोत्तरीको जलेश्वरस्थित कारागारको पर्खाल भत्काएर ५७२ जना कैदी फरार भएका छन्। महोत्तरी कारागारमा ५७५ कैदीबन्दी थिए। मंगलबार साँझ ७ बजे आएका प्रदर्शनकारी र भित्रका कैदीले एकैसाथ पर्खाल भत्काएपछि स्थिति नियन्त्रणबाहिर गएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक हेरम्ब शर्माले बताए।

दाङको तुलसीपुर कारागारका एक सय २४ कैदीबन्दी भागेका छन्। त्यस्तै, कैलालीमा ६ सय ६२ जना कैदीबन्दी भागेका छन्। कारागारमा अहिले पाँचजना कैदबन्दी मात्र बाँकी रहेका कैलाली कारागारका नासु ज्ञानेन्द्र ओझाले बताए। सयौंको संख्यामा रहेका प्रदर्शनकारी गेट तोडेर भित्र पसेको र कैदीबन्दीलाई निकालेको ओझाले बताए।

जेन-जी युवा कञ्चनपुर कारागार पसेपछि साढे चार सयभन्दा कैदीबन्दी भागेका छन्। कञ्चनपुरका एसपी खडकबहादुर खत्रीले कैदीबन्दी बाहिर आउने क्रममा प्रहरीले भित्रै बस्न आह्वान गरेपछि केही भित्रै केही बाहिर निस्किएको बताए। त्यस्तै, जाजरकोट जिल्ला कारागारमा रहेका कैदीबन्दीले पनि आन्दोलन चर्काएका छन्। अन्य जिल्ला कारागारका कैदीबन्दी भागे पछि आफूहरूलाई पनि छाड्न माग गर्दै उनीहरूले मंगलबार राति अबेरसम्म नाराबाजी गरेका थिए।

नेतृत्वको अहंकारको परिणाम

आन्दोलनको मागलाई सम्बोधन गरेर अहिलेकै संविधान र व्यवस्थामाथि टेकेर त्यसमा अत्यावश्यक संशोधनसहित अघि बढ्न सके राम्रो हुन्छ



● भाष्कर गौतम

अग्रलेख

२३ भदौ नेपाली राजनीतिका लागि एउटा दुर्भाग्यपूर्ण दिन रह्यो । एउटा लोकतान्त्रिक सरकारले आफ्ना सामान्य माग लिएर सडकमा आएका कलिला विद्यार्थीमाथि बर्बर आक्रमण गरेर १९ विद्यार्थीको ज्यान लियो, त्यो जघन्य अपराध हो । त्यो अक्षम्य अपराधका रूपमा इतिहासमा दर्ज हुने थियो । तर, हिजो र अस्तिका घटनाक्रमले इतिहासलाई कुर्नुपरेन । त्यस अपराधविरुद्ध २४ घण्टाभित्रै देश जुरुक्क उठ्यो र त्यसले आक्रमणकारी सत्ताधारीलाई लखेटेर सजाय पनि दियो । तर, यति हुँदाहुँदै पनि यो आन्दोलनपछिको अवस्थामा ०६२/६३ यताको उपलब्धि नै खतरामा पर्ने त होइन भन्ने प्रश्नले धेरैलाई चिन्तित बनाएको छ ।

देश यो अवस्थामा पुग्नुको पछाडि केपी ओली नेतृत्वमा आएदेखि नयाँ संविधान निर्माणयताका दिनलाई हेर्ने हो भने यसको कारण खोज्न सकिन्छ । ओलीको उदय पनि हिंसाबाटै भएको हो । संविधान घोषणाताका राज्यले जेजसरी हिंसा गच्यो, त्यसका पछाडि पनि उनको प्रत्यक्ष या परोक्ष भूमिका रह्यो । त्यसयताको समयको मात्र समीक्षा गर्ने हो भने पनि ओलीले एकपछि अर्को गल्ती गरेका छन् । भन्नलाई त उनले केपी ओली नरहे एमाले रहँदैन र एमाले नरहे यो देश र यसको राष्ट्रियता पनि रहँदैन भन्ने भाष्य सिर्जना गर्न खोजे । तर, आज ओलीकै कारण न एमाले रहने र न लोकतान्त्रिक नेपाल नै रहने अवस्था सिर्जना भएको छ । ओली आजको यो लोकतान्त्रिक गणतन्त्र नआओस् भन्ने नेता थिए । तर, प्रकारान्तरले पटक-पटक उनैको हातमा देशको सत्ता पुगिरह्यो । देश आजको अवस्थामा पुग्नुमा ओली र उनको नेतृत्वको अक्षमता नै जिम्मेवार छ ।

झन्डै एक वर्षअघि सर्वोच्च अदालतले कानुन बनाएर सामाजिक सञ्जाल नियमन गर्नू भनेर जुन आदेश गरेको थियो, त्यसमा टेकेर कानुन बनाउने दिशामा राज्यले ध्यान दिएन, विधेयक संसद्मै थन्काइदियो । तर, सञ्जालमाथि नियमनका नाममा अन्तर्राष्ट्रिय टेक कम्पनीलाई एकदमै छोटो सूचना दिएर सूचीकरणमा नआएको बहानामा एकाएक बन्दै गरियो । सूचीकरणमा नआएपछि केही समय लम्ब्याउन पनि सकिन्थ्यो । अलिकति आफ्नो कूटनीतिक प्रभाव पनि प्रयोग गर्न सकिन्थ्यो । तर, त्यसतर्फ कुनै पहल नै नगरी बन्दै गरिँदा जेन जी पुस्ताले वाक् तथा अभिव्यक्ति स्वतन्त्रतामाथि नै प्रतिबन्ध लगाएको महसुस गच्यो । जसले गर्दा अहिलेको जेन जीको आन्दोलनको आवरणमा यही सामाजिक सञ्जालमाथिको प्रतिबन्ध नै मूल कारण देखियो । त्यसैलाई खुलाउन जेन जी पुस्ता आन्दोलनमा आएको देखियो । हरेक आन्दोलनको विशेष चरित्र हुन्छ । जब त्यो आन्दोलन बढ्दै जान्छ, त्यसले आफ्नो सामर्थ्य त हासिल गर्दै जान्छ तर सँगसँगै विभिन्न राजनीतिक स्वार्थ समूहको त्यसमा घुसपैठ हुन्छ । जेन जी पुस्ता सामाजिक सञ्जालमार्फत संगठित भएको भए पनि उनीहरूको आन्दोलनमा पनि सरकारको प्रतिपक्षमा रहेको अर्थात् हाम्रो संविधान र गणतान्त्रिक मूल्य, मान्यताविरोधी स्वार्थ समूहहरूको पनि घुसपैठ हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न । उनीहरूले त्यहाँ शान्ति सुरक्षामा खलल पुऱ्याएर आन्दोनलाई भड्काउने, उत्तेजित पार्ने र आन्दोलन सफल भएमा आफूहरूकै नेतृत्वमा सरकार गठन गर्ने र नसकेमा राजा र सेनाको सहयोगमा अघि बढ्ने प्रयास गर्न सक्छन् । त्यस्तो प्रयास राजावादीहरूको आन्दोलनका क्रममा तीनकुनेमा पनि देखियो । त्यसयता कुनै न कुनै रूपमा सुरक्षा संकट सिर्जना गर्ने कार्यमा राजावादीहरू उद्यत् थिए र यो दुई दिनमा पनि उनीहरूले पर्याप्त मात्रामा घुसपैठ गरेको अवस्था देखियो ।

यो आन्दोलन बिस्तारै मत्थर हुँदै जाँदा अबको अवस्थामा तीनवटा सम्भावना देखिन्छन् । प्रधानमन्त्रीले राजीनामा दिइसकेको अवस्थामा सरकार विघटन त भई नै सक्यो । यस्तो अवस्थामा पनि हिजोकै संविधानमा टेकेर अघि बढ्ने पहिलो र उत्तम सम्भावना हुन सक्छ । यस्तो अवस्थामा संसद् विघटन गरे पनि या नगरे पनि नयाँ पुस्ताको निर्वाचित प्रतिनिधिको राष्ट्रिय सहमतिको सरकार गठन गरेर अघि बढ्नु नै अहिलेको उत्तम विकल्प हो । देशमा शान्ति सुरक्षा तथा अमनचैन कायम गर्नु, यो व्यवस्थालाई उल्ट्याउन भइरहेको घुसपैठलाई नियन्त्रण गर्नु यस्तो सरकारको पहिलो जिम्मेवारी हुनेछ । व्यक्तिको जिउधन र सार्वजनिक सम्पत्तिको सुरक्षालाई प्राथमिकतामा राख्नु यो सरकारको दायित्व हुनेछ । यसका लागि आमनागरिक र विशेषगरी आन्दोलनरत जेन जीलाई विश्वासमा लिएर अघि बढ्नुपर्ने हुन्छ ।

कांग्रेस, एमाले, माओवादीलगायत दलका पुरानो पुस्ताका



> संसद् विघटन गरे पनि या नगरे पनि नयाँ पुस्ताका निर्वाचित प्रतिनिधिको सहभागितामा राष्ट्रिय सहमतिको सरकार गठन गरेर अघि बढ्नु नै अहिलेको उत्तम विकल्प हो ।

नेताको औचित्य धेरै पहिले नै समाप्त भइसकेको हो । उनीहरूले यो देश र जनताको आक्रोशलाई सम्हाल्न सक्दैनन् भन्ने त २३ र २४ गतेका घटनाले नै पुष्टि गरिसकेका छन् । यस तथ्यलाई आत्मसात् गरेर उनीहरूले पनि नयाँ पुस्ताका निर्वाचित नेतालाई अघि सार्न सक्नुपर्छ । यस्तो सरकारले नयाँ चुनाव घोषणा गनुपर्छ । त्यो चुनावचाहिँ ०८४ मा नभई ०८३ मै हुन पनि सक्छ । जेन जीको सरोकारको विषय भनेको पनि पुराना दलका पुराना नेताले रोजगारी र सुशासन दिन पनि सकेनन् र भ्रष्टाचार रोक्नुको साटो उल्टै बढावा दिए, जनताप्रति अनुत्तरदायी भए, एउटा बोले अर्को गरे भन्ने हो । यस्तो सरकारबाट त्यसको पनि सम्बोधन हुन सक्छ । अहिलेको आन्दोलनको मागलाई सम्बोधन गरेर अहिलेकै संविधान र व्यवस्थामाथि टेकेर त्यसमा अत्यावश्यक संशोधनका काम गरेर अघि बढ्न सके राम्रो हुन्छ ।

> पुराना दलका पुराना पुस्ताका नेताको औचित्य धेरै पहिले समाप्त भइसक्यो । उनीहरूले यो देश र जनताको आक्रोशलाई सम्हाल्न सक्दैनन् भन्ने दुई दिनका घटनाले पुष्टि गरिसके ।

हालसम्म नेतृत्व गर्नेहरूले अहिलेको व्यवस्थालाई नै खरानी बनाउने बाटो तय गरिदिएका छन् । यसको सम्पूर्ण जिम्मेवारी केपी ओलीकै भागमा पर्छ । यो सब उनकै अहंकारको परिणाम हो । यस्तो अवस्थामा अन्य दुई विकल्पतिर पो देश जान्छ कि भन्ने खतरा पनि मडारिइरहेको देखिन्छ । यतिखेर दलका प्रमुख नेता सेनाको सुरक्षा घेरामा गइसकेका छन् । सोमबार प्रहरीले गर्नै नहुने चरम बल प्रयोग गरेर निर्दोष विद्यार्थीको ज्यान लिने काम गरेको छ । तर, मंगलबारचाहिँ उनीहरू सार्वजनिक सम्पत्ति र सरकारी निकायलाई जोगाउने दायित्वबाट पनि विमुख भएको अवस्था देखियो । प्रहरी पछि हटेको या असफल भएको अवस्थामा सेनाले शान्ति सुरक्षा कायम राख्न सघाउनुपर्ने हो, तर सेनाले सहयोग नगरेकोजस्तो पनि देखिएको छ । यस्तो अवस्थामा सेनाले आफ्नो प्रत्यक्ष या परोक्ष संलग्नतामा सरकार गठन गर्ने बाटोमा त देश गइरहेको छैन भन्ने प्रश्न पनि उठिरहेको छ । परोक्ष रूपमा सेना अगाडि आएमा राष्ट्रपतिलाई विश्वासमा लिएर, संविधानमा टेकेर अन्तरिम सरकार गठन गरेर चुनाव गराउने दिशामा जान सक्छ । तर, सेना प्रत्यक्ष रूपमा सक्रिय भयो भने देश सैनिक 'कु'मा जान्छ । त्यस्तो अवस्थामा सेनाको प्रत्यक्ष निर्देशनमा सरकार बन्छ, त्यस्तो अवस्थाचाहिँ देश र जनताका लागि घातक हुन सक्छ । संविधान र हामीले त्यएको लोकतन्त्रले अर्को दिशा लिन्छ । र, राजावादीले खोजेजस्तो शासन व्यवस्था आउन सक्छ ।

इतिहासको लामो विभेद, राज्यको केन्द्रीकरण, चरम असमानता, चर्को बेरोजगारी, अन्याय र अत्याचारको जगमा टेकेर नेपालमा लामो युद्ध भयो । त्यसमा गरिब, निमुखा तथा पछाडि परेका वर्ग र तप्काको ठुलो सहभागिता पनि रह्यो । तर, त्यो युद्ध टुंगिएर शान्ति प्रक्रियामा प्रवेश गरेयता त्यसअघिको अव्यवस्थामा सुधार हुनुपर्ने थियो । जनताको असन्तुष्टि सम्बोधन हुनुपर्ने थियो । शान्ति प्रक्रियामा स्विकारिएको राज्य पुनर्संरचनाको प्रश्नलाई सत्तामा पुग्ने या प्रतिपक्षमा रहने कसैले पनि आत्मसात् गरेको देखिएन । जनयुद्ध हाँकेकै दलले पनि खासै चासो दिएर इतिहासले आफूलाई सुम्पिएको दायित्व पूरा गरेको देखिएन । संक्रमणको समयमा परिवर्तनका नारामा उदाएका दलहरूदेखि कांग्रेस, एमाले र माओवादीलगायत शक्ति संविधान निर्माणदेखि हरेक पाइलामा चुके । उनीहरू सत्तामा जाने सवालमा बाहेक हरेक मुद्दामा चुके । नेतृत्वको उद्देश्य नै सत्तामा पुगेर राज्यलाई जनताबाट टाढा लगेर राज्यशक्तिको अकुत दोहन बन्न पुग्यो । ०७२ को संविधानपछि दल र तिनका नेतृत्व झन् धेरै चुके । नाममा लोकतन्त्र भए पनि व्यवहारमा हाम्रो नेतृत्व कहिल्यै लोकतान्त्रिक हुन सकेन । संविधान र कानुन जनताका लागि भएनन् । जनताको रोजगारी कहिल्यै प्राथमिकतामा परेन । युवा पलायनले तीव्र रूप लियो । भ्रष्टाचारले सीमा नाघ्यो । जनतालाई निरीह ठानियो, होच्याइयो, अपमानित गरियो ।

तिनै नेताहरूका हरेक क्रियाकलापले लोकतन्त्र धरापमा पर्दै गयो र आज आएर लोकतन्त्र बचाउनै पनि सकस पऱ्यो । जसको परिणामस्वरूप उनीहरू आज सेनाको संरक्षणमा पुगे । संकटमा उनीहरूले आफ्नो सुरक्षाका लागि सेनाको शरण रोजे । तर, जनता, तिनको सम्पत्ति र सरकारी निकायको सुरक्षाको चिन्ता उनीहरूमा कत्ति पनि देखिएन । यसले गर्दा पनि गएको दुई दिनमा पनि उनीहरूले जुन किसिमको संवेदनशीलता र बुद्धिमत्ता देखाउनुपर्थ्यो, त्यो देखाउनबाट चुकेको देखिन्छ । जसका कारण राजनीतिले गलत दिशा समातेर उल्टो बाटो हिँडेमा त्यसको दुष्परिणाम देश र जनताले लामो समय भेल्नुपर्नेछ । तर, समयमै सबैले बुद्धि पुऱ्याएर संयम अपनाउन सके भने यो आन्दोलन नै नेपाली राजनीति शुद्धीकरणको एउटा प्रस्थानविन्दु बन्न सक्छ ।

(गौतम राजनीतिक विश्लेषक)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **डम्बर खतिवडा**लाई



नेपाली राजनीतिलाई जेन-जी पुस्ताको दुईदिने आन्दोलनको सन्देश के हो ?

दक्षिण एसियाली क्षेत्रको राजनीति, सामाजिक व्यवस्था तथा आर्थिक अवस्था नाजुक स्थितिमै हुन्छ । भ्रष्टाचार चरम अवस्थामै हुन्छ । झन् नेपालमा त दलहरू लोकतान्त्रिक बन्नसमेत सकेकै छैनन् । यहाँ चरम बेरोजगारीका कारण युवा पलायन बढ्दो छ । युवा जनशक्तिमा चरम निराशा छ । सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णय त एउटा निमित्त कारण मात्र हो, यसको पछाडि देशमा मौलाइरहेको भ्रष्टाचारका कारण लामो समयदेखि गुम्सेर बसेको असन्तुष्टि र चरम निराशा मुख्य कारण रहेको छ । सोमबार सुरु भएको जेन जी पुस्ताको विद्रोहको नेतृत्व अस्पष्ट भए पनि यो विद्रोह सत्तामा रहेर नातावाद, कृपावाद र भ्रष्टाचारमा रमाउने नेतृत्वविरुद्धको समष्टिगत अभिव्यक्ति हो । जनताको विद्रोहसामु दुईतिहाइकै भए पनि सरकार तासको घरझैं ढल्दो रहेछ भन्ने सन्देश यो दुईदिने आन्दोलनले दिएको छ ।

असन्तुष्टि सम्बोधनमा हाम्रो राजनीतिक नेतृत्व कहाँनेर चुक्यो ?

लोकतन्त्रमा नैतिक मूल्य र मान्यताको ठुलो अर्थ हुन्छ । तर, हाम्रो राजनीतिक नेतृत्वमा सत्ताका लागि मात्र इमानदारी देखियो । जनसरोकारका विषयमा ऊ कहिल्यै इमानदार देखिएन । उनीहरूकै अकर्मण्यताका कारण नागरिकको ठुलो तप्का राज्य संयन्त्रबाहिरै रह्यो । समय-समयमा भइरहनुपर्ने प्रशासनिक तथा राजनीतिक सुधार भएन । सामाजिक सञ्जाल बन्द गर्ने निर्णय त 'ट्रिगरिङ प्वाइन्ट' मात्र हो । मुख्य समस्या लामो समयदेखि थिग्रिएको असन्तुष्टि नै हो । यसलाई समयमै सम्बोधन गर्न नसक्नु नेतृत्वको कमजोरी हो ।


प्रधानमन्त्रीको राजीनामासँगै अबको निकास के हुन सक्ला त ?

देशलाई लोकतन्त्रबाट दायाँबायाँ जान दिनु हुँदैन । यस्तो अराजकताको अवस्थामा नवफासिस्ट या पुनरुत्थानवादीको उदयको पनि खतरा रहन्छ । यस्तोमा नागरिक समाज या आन्दोलनकै माझबाट कोही अगाडि आउन पनि सक्छ । यसका लागि संसद् विघटन गरेर जानुपर्छ । प्रक्रियाबाहिरबाट सरकार बन्ने अवस्था आएमा देश अनन्त प्रतिशोधको चक्रमा फस्न सक्छ ।

प्रेरक प्रसंग

अनुकरणीय राजनीतिज्ञ

विन्स्टन चर्चिल बेलायती राजनीतिका अनुभवी, पाका र चर्चित राजनीतिज्ञ हुन् । त्यतिखेर उनी इंग्ल्यान्डका प्रधानमन्त्री बनिसकेका थिएनन्, तर चर्चित नेताका रूपमा भने परिचित थिए । पत्रिकाको हेडलाइनमा उनको भाषण छापिन थालेको धेरै भइसकेको थियो । एकपटक उनी कतै भाषण दिने सिलसिलामा रेलबाट यात्रा गरिरहेका थिए । केही क्षणमै टिकट निरीक्षक यात्रीको टिकट जाँच गर्नका लागि डब्बामा आइपुगे । उनले अन्य यात्रीलाई जसरी चर्चिलसँग पनि टिकट देखाउन आग्रह गरे ।



विन्स्टन चर्चिलले गोजीमा हात हाले, तर टिकट भेटेनन् । उनी चिन्तित भएर आफ्ना सबै गोजी र ल्याएका सामान निकालेर टिकट खोज्न थाले । टिकट निरीक्षकले उनलाई चिनिसकेका थिए । उनले मुस्कुराएर नम्रतापूर्वक भने, 'भइगयो छाडिदिनुस् चर्चिल महोदय, मलाई थाहा छ तपाईंले टिकट अवश्य किन्नुभयो होला, तर कतै राखेर बिर्सनुभयो होला ।'

टिकट निरीक्षकको कुरा सुनेर चर्चिल एकक्षण रिसाए र फेरि गम्भीर स्वरमा भने, 'टिकट निरीक्षकले माग्दा टिकट देखाउनु हरेक यात्रीको कर्तव्य हो । र, हरेक यात्रीको टिकट इमानदारीसाथ जाँच्नु टिकट निरीक्षकको पनि दायित्व हो । यसमा कुनै प्रकारको बहाना बनाउनु हुँदैन ।' यति भनेर उनी फेरि टिकट खोज्नमा लागे र अन्ततः टिकट फेला पारेरै छाडे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भागेर जाने कहाँ ?

जेन-जी पुस्ताको आन्दोलनको दोस्रो दिन देशको संघीय राजधानीलाई कर्फ्युले पनि सुरक्षा दिन सकेन । नेताहरू सेनाको हेलिकोप्टर चढेर भाग्नुपऱ्यो । उनीहरूले सेनाको ब्यारेकमा शरण लिनुपऱ्यो । देशमा यति लामो समयसम्म शासन व्यवस्था सम्हालेका नेताले जनतालाई सुख, शान्ति, समृद्धि र अमनचैन दिएर उनीहरूको मन जित्नुपर्नेमा जनतालाई कति आक्रोशित गराएका रहेछन् भन्ने मंगलबारको आन्दोलनले प्रस्ट पारेको छ । प्रहरी र सेनाको सुरक्षाघेरामा रहेका नेताहरू र तिनका आलिसान महल पनि सुरक्षित रहेनन् । जेन जी पुस्ताका युवा न त कर्फ्युदेखि डराए न प्रहरी र सेनाको बन्दुकदेखि नै तर्सिए । राजनीति नेतृत्वले जनताको मन जित्न नसक्नुको परिणाम कस्तो हुँदो रहेछ, त्यो यस आन्दोलनले प्रस्ट पारेको छ ।

● **सबनम मुल्मी**, सानेपा, ललितपुर

सार्वजनिक सम्पत्ति जोगाऔँ

जेन जीको आन्दोलनका क्रममा केही सार्वजनिक सम्पत्तिमाथि पनि तोडफोड र आगजनी भएका छन् । यो उनीहरूमा भरिएको आक्रोशको विस्फोट हो । तर, अब प्रधानमन्त्रीले समेत राजीनामा दिइसकेको अवस्थामा अब राजनीतिक सहमतिको बाटोमा जान सबै तयार रहनुपर्छ । अहिलेकै संरचनाले कुनै गतिलो र आशालाग्दो सरकार बन्ने अवस्था छैन । त्यसैले, अब संसद् विघटन गरेर अन्तरिम सरकार गठन गरी निर्वाचनको मिति तय गरिनुपर्छ । त्यसैले सार्वजनिक सम्पत्ति जोगाऔँ र शान्तिपूर्ण बाटो समातौँ ।

● **मुना कपाली**
सामाखुसी, काठमाडौं

भावी राजनीति संग्लियोस्

जेन जी पुस्ताको दुईदिने आन्दोलनले सिंगो देशलाई झकझकाइदिएको छ । नेपाली राजनीति दुर्गन्धित ढलमा परिणत हुँदै गएको अवस्थामा आन्दोलनले दुर्गन्धित ढललाई अब संग्लो बन्ने बाटो खुला गरिदिएको छ । अबका दिनमा राजनीतिमा जो अगाडि आए पनि उसले जनताका लागि काम गरोस् । जनताको हितलाई सर्वोपरि ठानोस् । राजनीति आफू र परिवारका लागि होइन, देश र जनताका लागि गरोस् । भावी राजनीति संग्लियो भने जेन जी पुस्ताका होनहार युवाको बलिदानको सम्मान हुनेछ ।

● **रिमिका राई**
बागबजार, काठमाडौं

नेताहरूको राजनीतिको अन्त्य

नेताहरूले जीवनमा सम्पत्तिसिवाय केही कमाएनछन् भन्ने दुई दिनको जेन जी पुस्ताको आन्दोलनले पुष्टि गरिदियो । उनीहरूले सम्पत्तिभन्दा जनताको माया कमाउनुपर्छ भन्ने कहिल्यै बुझेनन् । तिनले जनतालाई जहिल्यै पैसामा बिक्ने समूहका रूपमा मात्र हेरे । तर, ४०-५० वर्षअघि राजनीति सुरु गरेका नेताहरूले जनता कति बदलिइसके, त्यसको कुनै भेउ पाउनै सकेनन् । नेताहरूले सम्पत्ति मात्र अपडेट गरिरहे । तिनले कहिल्यै आफू र आफ्नो विचारलाई अपडेट गर्न आवश्यक ठानेनन् । जनता झुपडीमा समेत बस्न नपाउने अवस्थामा रहेको देशमा नेताले अर्बौंको बिलासी महल ठड्याए । अग्ला पर्खाल र काँडेतार लगाए । तर, त्यसले उनीहरूलाई सुरक्षा दिँदो रहेनछ । न त सुरक्षाकर्मीले नै उनीहरूलाई जोगाउन सक्ने रहेछन् । आखिर उनीहरूका ती भौतिक सम्पत्ति दुईदिने आन्दोलनमै स्वाहा भयो ।

राजनीतिक नेतृत्व सुधिन नचाहने हो भने उसले आफ्नो राजनीतिक भविष्य कसरी आफैंले स्वाहा पार्दो रहेछ भन्ने यस आन्दोलनले देखाएको छ । अहिले अस्तित्वमा रहेका र विशेषगरी सत्तामा आलोपालो पुगेर तर मार्दै आएका दल र तिनका नेताले आगामी दिनमा जनतासामु जाने वैधानिकता गुमाइसकेका छन् । अब तिनले जनतासामु गएर मुख देखाएर मत माग्न सहज छैन । त्यसैले, तिनको राजनीतिक भविष्य यही जेन जी पुस्ताको आन्दोलनसँगै अन्त्य भएको छ । अब सायद देशले तिनलाई फेरि झेल्नुपर्नेछैन ।

● **गौरव विश्वकर्मा**, जोरपाटी, काठमाडौं

जापानी प्रधानमन्त्रीले किन दिए राजीनामा ?

जुलाईमा भएको माथिल्लो सदनको चुनावमा पार्टीले थप धक्का खाएपछि राजीनामा माग्ने स्वरहरू चर्को हुँदै गएकाले इसिबाले राजीनामा दिएका हुन्



देश / विदेश

● सेबास्टियन मास्लो

जापानी प्रधानमन्त्री सिगेरु इसिबाले आफ्नो पार्टीभित्रबाट आएको दबाबसामु झुकेर पदभार ग्रहण गरेको एक वर्ष पनि नबित्दै राजीनामा घोषणा गरेका छन् । उनको बहिर्गमनले जापानलाई फेरि राजनीतिक अनिश्चिततातर्फ धकेलेको छ, जसले सन् २०१२ मा तत्कालीन प्रधानमन्त्री सिन्जो आबेले स्थिरता पुनर्स्थापित गर्नुभन्दा पहिले सन् १९९० र २००० को दशकको अन्त्यतिर प्रभुत्व जमाएका अस्थिरतालाई ब्युँताउने डर बढेको छ । उनको आगामी उत्तराधिकारीले लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) लाई मात्र स्थिर राखेर पुग्दैन, बरु घोटाला, गुटबन्दी र एक-दलीय प्रभुत्वबारे मतदाताको शंकाले ग्रस्त राजनीतिक प्रणालीमा जनताको विश्वास पनि पुनर्स्थापित गर्नुपर्छ ।

किन राजीनामा दिँदै छन् इसिबा ? : फुमियो किसिदाले घोटालाको शृंखलाबिच राजीनामा दिएपछि इसिबाले गत सेप्टेम्बरमा मात्र पदभार ग्रहण गरेका थिए । त्यसपछि उनी गहिरो समस्याग्रस्त पार्टीको उत्तराधिकार बन्ने अवसर पाए । एलडिपी र युनिफिकेसन चर्चबिचको व्यापक सम्बन्धको खुलासापछि किसिदालाई सन् २०२४ मा जबर्जस्ती सत्ताच्युत गरिएको थियो । चर्च जापानमा लामो समयदेखि विवादास्पद थियो, तर २०२२ मा आबेको हत्यापछि झनै विवादास्पद बन्यो । त्यसको केही समयपछि चर्चको एलडिपीसँगको सम्बन्ध खुलासा भयो । आर्थिक अनियमितता र घुसखोरीका विभिन्न काण्डले पार्टीमा जनताको विश्वासलाई अझ कमजोर बनायो । इसिबाले सुधार र कडा जवाफदेहिताको वाचा गरे, तर त्यो अडानले धेरै वरिष्ठ व्यक्तित्वलाई आक्रोशित बनायो । विशेषगरी उनले सामना गर्न खोजेका घोटालामा संलग्न व्यक्तिलाई उनका कार्यले क्रुद्ध बनायो ।

एलडिपीले तल्लो सदनमा बहुमत गुमायो : उनी निर्वाचित भएसँगै एलडिपीले तल्लो सदनको बहुमत गुमायो, त्यसपछि जुलाईमा भएको माथिल्लो सदनको चुनावमा पार्टीले थप धक्का खानु पऱ्यो । इसिबालाई राजीनामा दिन गरिएका आह्वानका स्वरहरू झन् चर्को हुँदै गए । उनी सत्तामा रहिरहेमा रुढिवादी आधारमा विभाजन हुने चेतावनी पार्टीका वरिष्ठ नेताले दिए । सप्ताहन्तमा, उनले अन्ततः आत्मसमर्पण गरे । इसिबाले संयुक्त राज्य अमेरिकासँग चलिरहेको व्यापार वार्ताको क्रममा राजनीतिक शून्यताको जोखिम औंल्याउँदै समयको पाबन्दीलाई मनन गरे । गत हप्ता सम्पन्न भन्सार कटौतीको सम्झौतासँगै उनले आफ्ना प्रतिद्वन्द्वीलाई चुप लगाउन संसद् भंग गर्ने परम्परागत प्रधानमन्त्रीय हतियारको सहारा नलिई आलोचकसामु झुके । निर्णय अचम्मलाग्दो देखिन सक्छ । उनको राजीनामा घोषणासँगै पछिल्ला सर्वेक्षणले इसिबाको लोकप्रियता माथितिर बढेको देखिन्छ, जसको अर्थ साधारण मतदाता उनीप्रति नरम भएको देखिन्छ । तर, उनको पतनले एलडिपीको पुरानो नेताले अझै पनि पर्दा पछाडि कति प्रभाव राख्छ भन्ने कुरालाई रेखांकित गर्दछ ।

कोइजुमी भर्सेस ताकाइची : नेतृत्वको दौड पहिले नै चलिरहेको छ, अक्टोबरको सुरुमा मतदान हुने अपेक्षा गरिएको छ । दुईजनाको नाम चर्चामा छन् । एकातिर पूर्वप्रधानमन्त्री जुनिचिरो कोइजुमीका ४४ वर्षीय छोरा सिन्जिरो कोइजुमी छन् । पार्टीको उदारवादी शाखाको प्रतिनिधित्व गर्दै उनले पहिले समलिंगी विवाह र विवाहित जोडीलाई छुट्टाछुट्टै थर प्रयोग गर्न अनुमति दिने पक्षमा समर्थन व्यक्त गरिसकेका छन् । इसिबाको सरकारमा कृषिमन्त्रीको रूपमा उनले चामलको बढ्दो मूल्यलाई सम्बोधन गर्ने र लामो समयदेखि जोडिएको क्षेत्रमा सुधारलाई अगाडि बढाउने कार्य गरे । आकर्षक व्यक्तित्वका धनी र मतदातामाझ लोकप्रिय कोइजुमीले विपक्षी दल जापान रिस्टोरेसन पार्टी (जेआरपी)सँग सम्बन्ध विकास गरेका छन् । यो समर्थन एलडिपीले नयाँ गठबन्धन निर्माण गर्न वा यसको गठबन्धन साझेदार कोमेइतोसँग यसको अल्पसंख्यक सरकारलाई बलियो बनाउन महत्त्वपूर्ण



साबित हुन सक्छ । तर, महत्त्वपूर्ण विधेयक पारित गर्न विपक्षीको समर्थन चाहिनेछ । छनोट भएमा उनी जापानमा अहिलेसम्मकै कान्छो प्रधानमन्त्री हुनेछन् । अर्कोतर्फ, साने ताकाइची प्रधानमन्त्रीको आकांक्षी देखिएकी छिन्, जो एक कट्टर रुढिवादी हुन्, जो गत वर्षको नेतृत्व दौडमा दोस्रो स्थानमा रहेकी थिइन् । आबेको बिरासतकी स्वघोषित उत्तराधिकारी, उनी समलिंगी विवाह र दोहोरो थरको विरोध गर्छिन् । देशको आत्मरक्षा बलको भूमिका स्पष्ट पार्न संवैधानिक संशोधनको पक्षमा छिन् र जापानको सैन्य मुद्रालाई बलियो बनाउने आवश्यकतामा नियमित रूपमा जोड दिन्छिन् । वृद्धिलाई अगाडि बढाउन साहसिक वित्तीय खर्च र मौद्रिक सहजताको आह्वान गर्दै उनले आफूलाई बेलायतकी पूर्वप्रधानमन्त्री मार्गरेट थ्याचरसँग तुलना गरेकी छिन् ।

निर्वाचित भएमा उनी जापानको पहिलो महिला प्रधानमन्त्री बन्नेछिन्, यद्यपि उनको कट्टरपन्थी अडानले गठबन्धन साझेदार कोमेइतोसँगको सम्बन्धमा तनाव ल्याउन सक्छ । यस हप्ताको टिबिएस सर्वेक्षणले कोइजुमी र ताकाइची समान १९.३ मतबिच एक-अर्कालाई टक्कर दिने स्थितिमा रहेको देखाएको छ भने अगस्ट ३१ मा गरिएको निक्केई सर्वेक्षणले सामान्य अग्रतासहित २३ प्रतिशतको समर्थन रेहेको देखाएको थियो । यो समर्थन कोइजुमीभन्दा केवल एक अंकले अगाडि हो । मुख्य क्याबिनेटमन्त्री योसिमासा हयासीसहित अन्य दाबेदार पनि देखा पर्न सक्छन् । धेरै कुरा एलडिपीको चुनावी ढाँचाको छनोटमा निर्भर गर्नेछ, सामान्य सदस्यले बोल्न पाउँछन् वा संसद्मा केवल सांसदले मात्र । जे भए पनि उम्मेदवारलाई दौडमा प्रवेश गर्न डाइट (जापानको संसद्) का २० सदस्यको समर्थन चाहिन्छ ।

जापानको सत्तारुढ दलका लागि उच्च जोखिम : जोखिम योभन्दा उच्च हुन सक्दैन । इसिबाको प्रस्थानसँगै एलडिपीमा सुधार गर्ने आशा कमजोर भएको छ । यदि नयाँ नेताले जनताको विश्वास पुनः प्राप्त गर्न असफल भएमा पार्टी आफ्नै लामो प्रभुत्वको सिकार हुने जोखिममा छ । ०२८ सम्ममा अर्को चुनाव नआउँदै जापान अर्को अनिश्चित राजनीतिक अध्यायमा प्रवेश गर्दै छ । एलडिपी बलियो हुन्छ वा कमजोर हुन्छ भन्ने कुरा इसिबालाई कसले प्रतिस्थापन गर्छ भन्ने कुरामा मात्र निर्भर गर्दैन, बरु पार्टीले यो अझै पनि नवीकरण गर्न सक्षम छ कि छैन भन्ने कुरामा निर्भर गर्छ ।

(मास्लो टोकियो विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्धका सह-प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्प र बोल्सोनारोमा देखिएको चुनावी अधिनायकवाद लोकतन्त्रको सबैभन्दा ठुलो खतरा

आजको विश्वमा हाम्रो स्वतन्त्रतालाई सैन्य कुबाट भन्दा चुनावी अधिनायकवादबाट बढी खतरा छ। ट्रम्प र बोल्सोनारो चुनावी अधिनायकवादीका अहिलेका सबैभन्दा चर्चित उदाहरण हुन्।



प्रायजसो मिडिया ब्राजिलका पूर्वराष्ट्रपति जैर बोल्सोनारो र ट्रम्पबिचको उल्लेखनीय समानता उल्लेख गर्न छुटाउँदैनन्। दुवै नेता उग्र दक्षिणपन्थी विचार बोकेर अचानक उदाएका राजनीतिज्ञ हुन्। दुवैले महामारीको समयमा आ-आफ्ना देश चलाए। पहिलो कार्यकालमा तिनले गर्वका साथ चिकित्सा क्षेत्रका खोजलाई अस्वीकार गर्ने गर्थे। दुवैले पहिलो कार्यकालको अन्त्यमा भएको निर्वाचनमा भएको हार अस्वीकार गरे। हार अस्वीकार गर्दै तिनले आफ्ना समर्थकलाई नतिजा उल्ट्याउन देशको संसद्माथि आक्रमण गर्न उक्साए। तर, तिनको समानता यत्तिमै टुंगिन्छ।

दुईमध्ये एक आज मुद्दा सामना गरिरहेका छन्, जो देशको सर्वोच्च अदालतबाट दोषी ठहरिने सम्भावना छ। दोस्रो भने पुनः निर्वाचित भएर राष्ट्रपति पदमा फर्किएका छन्। यसलाई 'द इकोनोमिस्ट'ले एक वाक्यमा समेट्दै भनेको थियो, 'कम्तीमा पनि अस्थायी रूपमा, पश्चिमी गोलार्धको परिपक्व लोकतान्त्रिकको भूमिका अहिले दक्षिणतिर सरेको छ।' केहीअघिसम्म यस्तो टिप्पणी पश्चिमी मिडियामा कल्पना गर्न सकिँदैनथ्यो। यो कसरी भयो भनेर बुझियो भने आजको लोकतन्त्रले सामना गरेका मुख्य चुनौतीलाई सम्बोधन गर्ने उपाय फेला पर्नेछ।



● पेड्रो अब्रामोभे

अब्रामोभे सन् २०१०-११ बिच ब्राजिलका न्यायसचिव थिए।

दुई दशक लामो सैन्य तानाशाह अन्त्य भएर लोकतन्त्र पुनरोत्थान भएपछि सन् १९८८ मा ब्राजिलले संविधान जारी गरेको थियो। सो संविधान जारी भएपछि सम्पन्न पहिलो चुनावमा बोल्सोनारो सार्वजनिक दृश्यमा देखा परेका थिए। उनको राजनीतिक विरासतको जरा अधिनायकवादमा जोडिएको थियो। राजनीतिक करियरको सुरुवातमा बोल्सोनारोले सैन्य तानाशाहले उलेख्य संख्यामा वामपन्थीको हत्या नगरेको दाबी गरेका थिए। त्यस्तै उनले सन् १९९५ देखि २००२ सम्म ब्राजिलका राष्ट्रपति रहेका फर्नान्डो हेनरिक कार्डोसोलाई मृत्युदण्ड दिइनुपर्थ्यो भन्ने गर्थे। साथै राष्ट्रपति पदमा निर्वाचित भएमा संसद् बन्द गर्ने वाचा गर्ने गर्थे। सन् २०१६ मा राष्ट्रपति डिल्मा रुसेफविरुद्ध महाभियोगका लागि तल्लो सदन 'चेम्बर अफ डेपुटिज'का सदस्यको रूपमा मत जाहेर गरेपछि उनले आफ्नो मत तानाशाहीकालमा यातनाको विभागका प्रमुख रहेका कर्नेलप्रति समर्पित गरेको छ।

ट्रम्पको राजनीतिक उदयको मार्ग भने बोल्सोनारोभन्दा फरक थियो। सन् १९८० को दशकमा उनी अल्पसंख्यक अपराधीविरुद्ध कठोर हुनुपर्ने माग राख्थे। पछि उनले रियालिटी टेलिभिजनमार्फत आफ्नो राष्ट्रिय पहिचान बनाए। उनले आफ्नो राजनीतिक ब्रान्ड निर्माण गर्ने क्रममा समाजका विभिन्न आर्थिक र सांस्कृतिक गुनासोलाई अपिल गर्ने प्रयास गरेका थिए। ट्रम्पले कहिल्यै उदार लोकतन्त्रप्रति प्रतिबद्धता जाहेर नगरेको भए पनि उनको सबैभन्दा तीव्र घृणा प्रायः अदालतमाथि लक्षित गर्ने गरेका छन्। ट्रम्पको विश्वदृष्टिकोणमा, धन र शक्ति हासिल गर्ने कुरामा कानुनी संस्था कुनै बाधा गर्नुहुँदैन। यो विश्वास उनले व्यवसाय र राजनीति दुवैमा बोकेका थिए।

राष्ट्रपतिको रूपमा आफ्नो दोस्रो कार्यकालमा उनी संविधानलाई कमजोर पार्न, अमेरिकाको केन्द्रीय बैंक 'फेडरल रिजर्भ'को स्वतन्त्रता अन्त्य गर्न, निर्वाचन प्रणालीमा छेडखानी गर्न र को नागरिक हुने भन्ने कुरालाई पुनः परिभाषित गर्न खोजिरहेका छन्।

पहिलोपटक पुनर्निर्वाचित हुने प्रयासमा असफल भएपछि ट्रम्प र बोल्सोनारोविरुद्ध भएका अनुसन्धान भने बिलकुल फरक रह्यो। ब्राजिलको निर्वाचन प्रणाली अमेरिकी प्रणालीभन्दा बढी सबल र केन्द्रीकृत छ। देशको संघीय न्यायपालिकाको निरीक्षणमा हुने चुनावमा अमेजन क्षेत्रका आदिवासी गाउँलेदेखि पाम्पासका किसानसम्म सबैलाई मतदानको समान पहुँच हुन्छ। निर्वाचनको केही घण्टामै मतपरिणाम घोषणा गरिन्छ। बोल्सोनारो दशकौंपछि ब्राजिलको चुनावको अखण्डतालाई चुनौती दिने पहिलो उम्मेदवार हुन्, जुन दाबीले प्रणालीलाई कमजोर बनायो।

यता, अमेरिकाको खण्डित चुनावी प्रणाली उपभोग गरेर ट्रम्पले आफ्ना समर्थकको लोकतन्त्रमाथिको विश्वासलाई कमजोर पार्न र जनवरी ६, २०२१ को विद्रोहका लागि उचाले। उनले सरकारी अधिकारीलाई आफू हारेको निर्वाचन परिणाम झुट देखाउन दबाब दिए। बोल्सोनारो त ट्रम्पभन्दा अगाडि बढेका थिए। अनुसन्धानले उनी र उनका सहयोगीले राष्ट्रपति-निर्वाचित लुइज इनासियो लुला दा सिल्भाको उद्घाटनलाई रोक्नको कुको मस्यौदा आदेशबारे छलफल गरेको पत्ता लगाएको छ। तर, सेना विभाजित हुँदा यो असफल बन्न पुग्यो।

त्यस्तै लुला, उपराष्ट्रपति गेराल्डो अल्कमिन र सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसको हत्याको योजनासमेत बनेको पाइएको छ। तर, यस षड्यन्त्रमा पनि सेनाको समर्थन नभए पनि अन्तिम समयमा रद्द गरिएको थियो। चुनावपछि, बोल्सोनारोका समर्थक सेनाको हस्तक्षेपको माग गर्दै सेनाको ब्यारेकबाहिर डेरा जमाएर बसेका थिए। उता सरकारी पदमा रहेका बोल्सोनारोका मन्त्रीहरूले हिंसा भड्काउन प्रोत्साहित गरिरहे। लुलाको उद्घाटनको एक हप्तापछि बोल्सोनारोका समर्थकले सरकारका तीनै शाखाका मुख्यालयमा हिंसात्मक आक्रमण गरे।

उता अमेरिकामा भने जनवरी ६, २०२१ मा संसद् भवनमा ट्रम्प समर्थकले आक्रमण गरे। आक्रमणअघि ट्रम्पले भिडलाई उक्साएका थिए। हुन त ट्रम्पले पछि विभिन्न आपराधिक आरोपको सामना गर्नुपऱ्यो। तर, सबैभन्दा गम्भीर आरोप भने अमेरिकी सर्वोच्च अदालतले देशका राष्ट्रपतिलाई लगभग कुनै मुद्दा नलाग्ने फैसला सुनाएपछि रद्द भयो। यसै फैसलापछि सन् २०२४ को चुनावमा ट्रम्पको उम्मेदवारीको बाटो खुलेको थियो। सो चुनावमा ट्रम्पको जितले उनलाई जवाफदेही बनाउने सबै प्रयासलाई प्रभावकारी रूपमा समाप्त भएको छ।

यसविपरीत, बोल्सोनारोले कानुनी प्रणालीबाट धेरै ठुलो प्रतिरोधको सामना गर्नुपऱ्यो। बोल्सोनारोको कार्यकालमा उनको प्रमुख निसानामध्ये एक ब्राजिलको सर्वोच्च अदालत पनि थियो। तिनका अमेरिकी समकक्षीभन्दा कार्यकारीबाट बढी स्वतन्त्र हुने ब्राजिलको महान्यायाधिवक्ताले उनीविरुद्ध मुद्दा हाले। योसँगै ब्राजिलमा पहिलोपटक सैन्य कु प्रयासविरुद्ध मुद्दा परेको छ। बोल्सोनारो अब लोकतान्त्रिक कानुनको शासन समाप्त गर्ने प्रयासको मुद्दा सामना गरिरहेका छन्। ब्राजिलको कानुनमा यसलाई स्पष्ट रूपमा अपराध परिभाषित गरिएको छ। तथापि, अमेरिकामा त्यस्तो छैन।

ट्रम्प र बोल्सोनारो चुनावी अधिनायकवादको अहिलेका सबैभन्दा चर्चित उदाहरण हुन्। दुवै कुशलतापूर्वक गलत जानकारी प्रयोग गर्छन्। विज्ञानविरोधी र समानताविरोधी बयानबाजी दिन्छन्। लोकतान्त्रिक संस्थाहरूको अवहेलना गर्छन्। बोल्सोनारोको हकमा बीसौं शताब्दीको अधिनायकवादको छाप पनि देखिन्छ। उनको राजनीतिक आदर्श सन् १९८० को दशकमा समाप्त भएको सैन्य तानाशाही हो। हुन त कुनै पनि देशले आफूलाई आफ्नो लोकतान्त्रिक क्षयबाट पूर्णतः बचाउन सक्दैन। तथापि, ब्राजिलको तानाशाही अत्य भएपछि बनेको संविधानले बलियो सुरक्षा व्यवस्था निर्माण गऱ्यो। बोल्सोनारोविरुद्ध मुद्दा अन्तिम चरणमा पुगेको छ। २०औं शताब्दीको कुको प्रयास गरेका बोल्सोनारोले देश त्यसलाई स्वीकार गर्न तयार नरहेको पत्ता लगाउन सकेनन्।

आजको विश्वमा हाम्रो स्वतन्त्रतामाथि सैन्य कुबाट भन्दा चुनावी अधिनायकवादबाट बढी खतरा छ। लोकतान्त्रिक संस्थाको क्रमिक क्षयले त्यस्ता शक्तिलाई सत्तामा ल्याउन सघाउँछ। ब्राजिल, अमेरिका र अन्यत्र पनि यस्तो शक्तिलाई सत्तामा आउनबाट रोक्ने हो भने लोकतान्त्रिक संस्थाको क्षय रोक्नुपर्छ।

- प्रोजेक्ट सिन्डिकेटबाट

चीन स्वच्छ ऊर्जा क्रान्ति र कार्बनडाइअक्साइड उत्सर्जन दुवैमा अगाडि



लन्डनस्थित थिंक ट्यांक एम्बरको रिपोर्टअनुसार स्वच्छ ऊर्जासम्बन्धी प्रविधिमा चीनको सरकारी लगानी अहिले विश्वको कार्बनडाइअक्साइड उत्पादनमा सबैभन्दा मुख्य निर्णायक कारण बनेको छ। 'चीनभित्र खनिज इन्धनमा आधारित पुरानो विकास प्रतिमानको समय अब सकिएको अनुभूति गरिएको छ। यो २१औं शताब्दीको वास्तविकतासँग उपयुक्त नभएको तिनको विश्वास छ,' मंगलबार प्रकाशित रिपोर्टले भन्छ, 'चीनको सरकारले 'पारिस्थितिक सभ्यता' स्थापना गर्ने उद्देश्य लिएको देखिन्छ, जसले एकैसाथ आर्थिक, सामाजिक र वातावरणीय लक्ष्य पूरा गर्छ। यो कुरालाई चीनले सन् २०१८ देखि संविधानमै समावेश गरेर अघि बढेको छ।'

चीनले अहिले विश्वमा उत्पादन भइरहेको वायु ऊर्जा उत्पादन गर्ने टर्बाइनको ६० प्रतिशत उत्पादन गर्छ। त्यस्तै, विश्वमा उत्पादन हुने सौर्य पाताको ८० प्रतिशत हिस्सा चीनमा उत्पादन हुन्छ। यसले गर्दा अहिले सौर्य प्रविधिको लागत निकै घटेको छ। 'सन् २०१० देखि, सौर्य मोड्युलको लागत ९० प्रतिशतभन्दा बढीले घटिसकेको छ। त्यसयता सञ्चित सौर्य उत्पादनको तीनचौथाइ हिस्सा पनि चीनमा भएको छ,' एम्बरकी साम बटलर स्लोसले अल जजिरालाई बताइन्। हामी अहिले त्यस्तो बिन्दुमा छौं, जहाँ सौर्य मोड्युलको लागत प्रतिवाट १० सेन्टभन्दा कम बनेको छन्। ब्याट्रीहरू अब प्रतिकिलोवाट घण्टा ७० डलरभन्दा कममा आउँदै छन्। यो विश्वभर ऊर्जाको अर्थतन्त्रलाई गहिरो रूपमा परिवर्तन गर्न पर्याप्त दर हो,' बटलर स्लोसले भनिन्।



● जोन टी सारोपुलोस

सारोपुलोस् ग्रिसमा बसेर स्वतन्त्र पत्रकारिता गर्छन्।

प्रतिवेदनअनुसार, चीनका निर्णय आंशिक रूपमा आर्थिक वास्तविकताद्वारा निर्देशित थिए। यसको विशाल उत्पादन उद्योग ऊर्जाको प्रमुख खपतकर्ता क्षेत्र हो। उच्च ऊर्जा माग पूरा गर्नकै लागि यसले ठुलो परिमाणमा तेल र ग्यासको आयात गर्छ। चीनले स्वायत्त बनेर ऊर्जामा प्रतिस्पर्धी र सुरक्षित रहन खोज्दै छ।

> चीनले अहिले विश्वमा उत्पादन भइरहेको वायु ऊर्जा उत्पादन गर्ने टर्बाइनको ६० प्रतिशत उत्पादन गर्छ। त्यस्तै, विश्वमा उत्पादन हुने सौर्य पाताको ८० प्रतिशत हिस्सा चीनमा उत्पादन हुन्छ। चीन एक्लैले गर्दा अहिले विश्वभर सौर्य प्रविधिको लागत निकै घटेको छ।

वर्षौंको लगानीले एक शक्तिशाली लाभ ल्याएको छ। बेइजिङले विद्युतीय प्रविधि विकासका लागि घरेलु बजारमा ठुलो वित्तपोषण गरेको छ। यस क्षेत्रमा उसले हासिल गर्ने पेटेन्टको संख्या बाँकी अन्य क्षेत्रको भन्दा बढ्दै गएको छ। उदारणका लागि, सन् २०२० मा विश्वमा ऊर्जा क्षेत्रको पेटेन्ट आवेदनमा चीनको हिस्सा पाँच प्रतिशत थियो। पाँच वर्षमै यो संख्या अहिले ७५ प्रतिशत पुगेको छ। यो रूपान्तरण ल्याउने क्रममा चीन विश्वव्यापी बजार आपूर्ति शृंखलाको केन्द्र बन्दै गएको छ।

'आज सौर्य र ब्याट्रीको उत्पादनको सबालमा चीनको क्षमता विश्वको कुल मागभन्दा बढी छ,' बटलर स्लोसले भनिन्। अघिल्लो दशकमा घरबार व्यवसायमा चीनको अत्यधिक लगानी हुँदा उसको वित्तीय प्रणालीका केही हिस्सामा हानि पुगेको थियो। त्यसविपरीत यसपटक ब्याट्री र सौर्य प्यानलका क्षेत्रमा भएको लगानीले अन्ततः निर्यात क्षेत्रमा उसलाई सबल बनाएको बटलर स्लोसको ठम्याइ छ। 'केही मानिसले अहिले ओभर सप्लाइजस्ता पदावली खुब प्रयोग गरिरहेका छन्। मेरो विचारमा यस प्रविधिको बजार बढी गतिशील र उत्तरदायी छ। अत्यधिक आपूर्तिले यी उदीयमान बजारको माग पूरा गर्छ,' उनले भनिन्।

चीन अझै सबैभन्दा ठुलो हरितगृह ग्यास उत्सर्जक राष्ट्र

चीनले बाह्य देशमा समेत गरेर यो स्वच्छ ऊर्जा बजारमाथिको प्रभुत्व सुनिश्चित गर्न खोज्दै छ। 'चिनियाँ ब्याट्री र विद्युतीय कार कम्पनीले उदीयमान बजार र अन्यत्र करिब ८० अर्ब डलर लगानी गरेका छन्। लगानीका अतिरिक्त उसले यससम्बन्धी प्रविधि, ज्ञान र उद्योग पनि विभिन्न देशमा विस्तार गरिरहेको छ,' उनले भनिन्।

गत वर्ष, चीनले नवीकरणीय ऊर्जा क्षमतामा विश्वभर भएका लगानीको कुल हिस्साको झन्डै एकतिहाइ लगानी एक्लैले गरेको थियो। चीनले ६२५ अर्ब डलर लगानी गर्दा युरोपले ४२६ अर्ब डलर र अमेरिकी ४४० अर्ब डलर लगानी गरेको थियो। र, यसको प्रतिफल लगानीको तीन गुणा बढी देखियो। सौर्य प्यानल, ब्याट्री र विद्युतीय सवारी साधनका उद्योगमा चीनको स्वच्छ ऊर्जा क्षेत्र बाँकी अर्थतन्त्रको तुलनामा तीन गुणा छिटो विस्तार भएको छ। यसले चीनको उत्पादनमा १.९ ट्रिलियन डलर थपेको तथ्यांकले देखाउँछ।

यस विकासक्रमलाई अमेरिका र युरोपले चिन्ताका साथ हेरिरहेका छन्। किनभने, चीनको सरकारी अनुदानमा चल्ने उद्योग अरू सबैभन्दा अगाडि देखिएका छन्। पूर्वअमेरिकी राष्ट्रपति जो बाइडेनले मुद्रास्फीति न्यूनीकरण गर्न ल्याएको 'इनफ्लेसन रिडक्सन एक्ट'मा सौर्य र वायु ऊर्जा क्षेत्रमा सर्यौं अर्ब डलर छुट्याएका थिए। साथै उनले सो रकम अमेरिकी भूमिमा लगानी हुनुपर्ने पनि कडा सर्त राखेका थिए। तथापि, बेइजिङमा भइरहेको विकासले बाइडेनको नीतिलाई समेत लाभान्वित गरिरहेको थियो। किनभने, चीनको लगानीले अन्य देशलाई विकासमा उत्प्रेरित गऱ्यो।

'यदि चीनले स्वच्छ ऊर्जा क्षेत्रमा ठुलो लगानी नगरेको भए, हामी अहिले कहाँ हुने थियौं ?' सम्पादक रिचर्ड ब्ल्याकले भने, 'के हामीले उस्तै समान लगानी अन्य कुनै विशेष देश वा क्षेत्रमा देख्थ्यौं ? मेरो व्यक्तिगत विचारमा सायद त्यस्तो सम्भावना थिएन।' चीन सरकारले प्रमुख कम्पनीसँगको सहकार्यमा यस क्षेत्रमा विशाल निर्यात बजार हुने महसुस गऱ्यो। रणनीतिक तरिकाले तदनुसार लगानी गऱ्यो। उत्पादन नीतिहरू र निर्यात नीतिहरू एकसाथ लागु गऱ्यो। 'कुनै अन्य देशले त्यस्तो प्रयास गरिरहेको देखेको छैन,' ब्ल्याकले भने।

हुन त केही हदसम्म युरोप प्रतिस्पर्धीजस्तो देखिन्छ। उदाहरणका लागि, युरोपको एकचौथाइको तुलनामा चीनको ऊर्जा मिश्रणको एकतिहाइ भाग बिजुलीले ओगटेको छ। युरोपको बिजुली सफा छ। १० गिगावाट उपभोग हुँदा तीन नवीकरणीय ऊर्जाबाट आउँछ। जबकि, चीनको प्रत्येक १० गिगावाटमा दुई गिगावाट मात्र नवीकरणीय ऊर्जा हुन्छ। र, ठुलो लगानीका बाबजुद चीन अझै पनि आफ्नो हरितगृह ग्यास उत्सर्जन घटाउन संघर्ष गरिरहेको छ। आखिर, ऊर्जा संक्रमणको मुख्य उद्देश्य यही हो।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार युरोपेली संघ र अमेरिकाबाट हुने कार्बन उत्सर्जन २१औं शताब्दीको सुरुवातदेखि नै घट्दै गएको छ। गत वर्ष चीन र भारतले गरेको उत्सर्जन ३७.८ गिगाटन (अफ कार्बन-डाइअक्साइड) बराबर पुगेर नयाँ रेकर्ड छोयो। योसँगै विश्वको कुल कार्बन उत्सर्जनमा चीनको हिस्सा लगभग एकतिहाइ हुन आउँछ।

-अलजजिराबाट

इतिहासमा आज सेप्टेम्बर १०



सन् २००८ : स्विट् जरल्यान्डको सर्नमा निर्माण गरिएको मानव इतिहासकै सबैभन्दा ठुलो भनिएको वैज्ञानिक परीक्षण 'लार्ज हेड्रोन कोलाइडर'ले काम सुरु गऱ्यो। यसको उद्देश्य ब्रह्माण्डको उत्पत्ति अध्ययन गर्ने रहेको छ।

सन् १८४६ : इलियास होवेले सिलाइ मेसिनको लागि प्याटेन्ट हासिल गरे।

सन् १८९४ : लन्डनको ट्याक्सी ड्राइभर जर्ज स्मिथलाई विश्वमै पहिलोपटक मादक पदार्थ सेवन गरेर गाडी चलाएकोमा जरिवाना (२० सिलिङ) तिराइयो।

सन् १९४५ : दोस्रो विश्वयुद्धको समयमा नाजीनजिक रहेर नर्वेमा सरकारको नेतृत्व गरेका विद्कुन क्विस्लिनलाई यसै दिन मृत्युदण्डको सजाय सुनाइयो।

सन् १९४५ : यस दिन ल्यायिड ओल्स नामक किसानले काटेको कुखुरा (जो पछि माइक नामले चर्चित भयो)को टाउको काटिँदा पनि मरेन। त्यसपछि अठार महिनासम्म बाँचेको सो कुखुराको दिमागी स्टेम सेल र गुजलर भेन भने काटिएको थिएन।

सन् १९७७ : यातना दिएर हत्याको आरोपका दोषी हमिदा ज्यानदोबीलाई यसै दिन गिलटिनबाट मृत्युदण्ड दिइने अन्तिम व्यक्ति बने।

सन् २००२ : लामो समय तटस्थताका लागि संयुक्त राष्ट्र संघको सदस्यता नलिएको स्विट्जरल्यान्डले अन्ततः यस दिन सदस्यता लियो।

सन् २००७ : सात वर्षअघि सैन्य कुपछि निर्वासनमा रहेका पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफ अन्ततः देश फर्किए।

बेपत्ता पारिएकालाई सार्वजनिक गर्न माग गर्दै मेक्सिकोमा प्रदर्शन



मेक्सिको सिटी/ देशमा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिलाई सार्वजनिक गर्न र दोषीलाई कारबाहीको माग गर्दै मेक्सिकोभरि हजारौं मानिसले विरोध प्रदर्शन गरेका छन्। बेपत्ता पारिएका व्यक्तिका आफन्त र साथीभाइका साथै मानव अधिकारकर्मीले न्यायका लागि आह्वान गर्दै मेक्सिको सिटी, ग्वाडालाजारा, कोर्डोबा र अन्य सहरको सडकमा मार्च गरे र राष्ट्रपति क्लाउडिया सेनबाउमको सरकारलाई आफ्ना हराएका प्रियजनलाई खोज्न मद्दत गर्न आग्रह गरे। मेक्सिकोमा एक लाख ३० हजारभन्दा बढी मानिस बेपत्ता भएको रिपोर्ट गरिएको छ। लगभग सबै बेपत्ता २००७ देखि भएका छन्, जतिबेला तत्कालीन राष्ट्रपति फेलिप काल्डेरोनले 'लागुऔषधविरुद्धको युद्ध' सुरु गरेका थिए। धेरै अवस्थामा बेपत्ता पारिएकाहरूलाई जबर्जस्ती लागुऔषध कार्टेलमा भर्ती गरिएको छ वा प्रतिरोध गरेको कारण हत्या गरिएको छ। लागुऔषध कार्टेल र संगठित अपराध समूह मुख्य अपराधी भए पनि मृत्यु र बेपत्ताका लागि सुरक्षाबललाई पनि दोषी ठहराइन्छ। विभिन्न सहर, राज्य र नगरपालिकामा भएको प्रदर्शनले जबर्जस्ती बेपत्ता पार्ने समस्याले मेक्सिकोभरि समुदाय र परिवारलाई कति हदसम्म असर गर्छ भनेर देखाउँछ। ओक्साकाजस्ता दक्षिणी राज्यदेखि सोनोरा र डुरागोजस्ता उत्तरी राज्यसम्म बेपत्ता पारिएका व्यक्तिका कार्यकर्ता र परिवारका सदस्य हजारौंको संख्यामा आफ्ना आफन्तको तस्बिर र प्लेकार्ड बोकेर निस्किएका थिए। प्रदर्शनकारीले बेपत्ताको मुद्दालाई सम्बोधन गर्न थप कदम चाल्न माग गरे। मेक्सिको सिटीमा मार्चले राजधानीमा ट्राफिक ठप्प पारेको थियो।

निजी व्यवसायमाथि पनि आक्रमण

होटेल, मोबाइल सेवाप्रदायक, बैंक, एयरलाइन्स, सुपरमार्केट, केबलकार, सोरुमलगायत उद्यम-व्यवसायमा तोडफोड, आगजनी र लुटपाट, अर्बौंको क्षति






जेन-जी आन्दोलनका क्रममा प्रदर्शनकारीले मंगलबार आगजनी गरेका नक्सालस्थित हिल्टन होटेल, लैनचौरस्थित एनसेल मुख्यालय, भाटभटेनी सुपरमार्केट र सिम्रिक एयर।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा प्रदर्शनकारीले मंगलबार निजी व्यवसायमाथि पनि आक्रमण गरेका छन्। आक्रोशित समूहले निजी लगानीका मोबाइल सेवाप्रदायक, होटेल, सुपरमार्केट, सोरुम, गोदाम, हार्डवेयर, केबलकारलगायत उद्योग-व्यवसायमा तोडफोड एवं आगजनी गरेका हुन्। यसबाट अर्बौंको क्षति पुगेको अनुमान गरिएको छ।

आक्रोशित भिडले हिल्टन होटेल, एनसेल, भाटभटेनी सुपरमार्केट, बिगमार्ट, राजेश हार्डवेयर, सिजी, चन्द्रागिरि केबलकार, सवारीसाधनका सोरुमलगायत निजी लगानीका उद्योग-व्यवसायमा तोडफोड, आगजनी एवं लुटपाट गरेका हुन्। आक्रमणबाट अर्बौंको क्षति भएको व्यवसायीले बताएका छन्। तर, सुरक्षाको कारण देखाएर कसैले पनि औपचारिक रूपमा बोल्न चाहेका छैनन्।

नक्सालस्थित पाँचतारे होटेल 'हिल्टन'मा आगो लगाइएको छ। तोडफोड एवं आगोबाट होटेलमा ठुलो क्षति पुगेको छ। व्यापारिक घरना शंकर ग्रुपको लगानी रहेको होटेल हिल्टन गत वर्षदेखि सञ्चालनमा आएको थियो। साढे आठ अर्ब रुपैयाँबराबरको लगानी रहेको भनिएको यस होटेलका अधिकांश भागमा क्षति पुगेको छ। होटेलमा रहेका पर्यटकलाई अन्यत्र सारिएको थियो।

त्यस्तै भाटभटेनीमा समेत आक्रमण गरेका छन्। भाटभटेनीको कोटेश्वर, नक्साल, चितवन, हेटौंडा, इटहरीलगायत शाखामा समेत तोडफोड, आगजनी एवं लुटपाट भएका छन्। भाटभटेनीको प्रमुखमध्येका स्टोरहरूमा भएको आगलागीबाट ठुलो क्षति भएको अनुमान गरिएको छ। यद्यपि, क्षतिको विवरण आइसकेको छैन। प्रदर्शनकारीले लैनचौरस्थित एनसेलको मुख्य कार्यालयमा समेत आगजनी गरिदिएका छन्। दूरसञ्चारजस्तो अत्यावश्यक तथा सार्वजनिक सम्पत्तिमाथि क्षति भएमा समग्र सेवामा अवरोध उत्पन्न भई उपभोक्तालाई मर्का पर्ने सुनिश्चित भएको एनसेलले जनाएको छ। 'यस्ता अत्यावश्यक सेवा तथा सम्पत्तिमाथि कुनै पनि क्षति नपुऱ्याइदिन हुन र अविच्छिन्न सञ्चार सेवा प्रदान गर्न सहयोग गर्नुहुन हामी सम्पूर्णमा अनुरोध गर्दछौं,' एनसेलले भनेको छ। प्रदर्शनकारीले थापथलीस्थित सवारीसाधनका सोरुमहरूमा समेत तोडफोड एवं आगजनी गरे। थुप्रै ब्रान्डका सवारीसाधनको सोरुम र त्यहाँ राखिएका सवारीसाधनमा क्षति पुगेको छ। क्षतिको यकिन विवरण भने आइसकेको छैन।

GREEN HOME LOAN FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
*T & C apply
Global IME Bank ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT Call Us: +977-1-5970600 globalconnect@gibl.com.np

आन्दोलनका क्रममा जेन-जी समूहले काठमाडौंको चन्द्रागिरिस्थित केबलकारको तल्लो स्टेसनमा पनि तोडफोड तथा आगजनी गरेको छ। आगजनीबाट तल्लो स्टेसनमा ठुलो क्षति पुगेको छ। आन्दोलनको समूहले स्टेसनमा तोडफोड गरेर आगजनी गरेका हुन्।

आन्दोलनका क्रममा काठमाडौंको सतुंगलस्थित सिजीको कारखानामा तोडफोड तथा आगजानी भएको छ। तोडफोडपछि गरिएको आगजानीका कारण त्यहाँ भएका गाडीलगायतका भौतिक सम्पत्तिमा क्षति पुगेको छ। प्रदर्शनकारीले त्यहाँ तोडफोड गरी आगजानी गर्दा ठुलो क्षति भएको छ। त्यहाँ सिजीका टिभी, फ्रिज, वासिङ मेसिनलगायतका सामग्रीको तोडफोड भएको छ। यस्तै, सिजी मोर्टसको सोरुममा पनि तोडफोड तथा आगजनी भएको छ।

यसैगरी आन्दोलनकारीले राष्ट्रिय वाणिज्य बैंकको बानेश्वर शाखा तोडफोड गरेका छन्। त्यो शाखामा सोमबार पनि आक्रमण भएको थियो। मंगलबार पनि साँझ उक्त शाखा कार्यालयमा तोडफोड भएको छ।

यसैगरी सिम्रिक एयरको बानेश्वरस्थित कार्यालय र एक हेलिकोप्टरमा पनि तोडफोड तथा आगाजनी भएको छ। यस्तै, व्यवसायीद्वय विनोद चौधरी तथा शेखर गोल्छाको घरमा पनि तोडफोड तथा आगजनी भएको छ। चौधरीको रवि भवन र गोल्छाको सीतापाइलास्थित निवासमा आन्दोलनकारीले आक्रमण गरेका हुन्। त्यसमा लुटपाटसमेत भएको छ।

सुनकोशी-मरिन डाइभर्सनको हेडवर्क्स प्याकेजको ठेक्कामा ढिलासुस्ती

आधा समय सकिँदा प्रगति १० प्रतिशत मात्रै

१८ असार ०८४ सम्मको म्याद दिएर करसहित १४ अर्ब सात करोड ५९ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिए पनि दुई वर्ष सात महिना समय सकिँदा भौतिक प्रगति भने १० प्रतिशत मात्रै भएको हो

नयाँ पत्रिका

५६ प्रतिशत समय सकिँदा पनि ठेक्का प्राप्त कम्पनी पटेल-रमण जेभीले राष्ट्रिय गौरवको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय परियोजनाको 'हेडवर्क्स प्याकेज'को निर्माण कार्य १० प्रतिशत मात्रै गरेको छ।

सिँचाइ विभागले भारतको पटेल इन्जिनियरिङ र नेपालको रमण कन्स्ट्रक्सनको ज्वाइन्ट भेन्चरसँग परियोजनाको जलविद्युत्को हेडवर्क्स, पावरहाउस, हाइड्रो मेकानिकललगायतका संरचना बनाउन १७ पुस ०७९ मा ठेक्का सम्झौता गरेको थियो। सम्झौतामा ५५ महिना अर्थात् १८ असार ०८४ सम्मको म्याद दिइएको छ। करसहित १४ अर्ब सात करोड ५९ लाख रुपैयाँ ठेक्का सम्झौता गरिए पनि दुई वर्ष सात महिना (५६ प्रतिशत) समय सकिँदा भौतिक प्रगति भने १० प्रतिशत मात्रै भएको हो।

परियोजना कार्यालयले सार्वजनिक गरेको असार मसान्तसम्मको विवरणमा पनि भौतिक प्रगति एकदमै न्यून भएको भन्दै १० प्रतिशत मात्रै काम भएको उल्लेख छ। 'करिब ५५ प्रतिशत (असार मसान्तसम्म) समय व्यतीत हुँदा पनि भौतिक प्रगति एक दमै न्यून (करिब (१० प्रतिशत मात्र) रहेको छ,' परियोजना कार्यालयले सार्वजनिक गरेको असार मसान्तसम्मको प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदनअनुसार पूर्व तयारी तथा निर्माण कार्यहरू प्रारम्भ भएको छ भने कन्ट्राक्टर क्याम्प र लेबर क्याम्पको निर्माण भइसकेको छ। यसैगरी, कफर ड्यामको पहिलो चरणको निर्माण सकेर स्टिलिङ बेसिन निर्माणको काम भइरहेको प्रतिवेदनमा उल्लेख छ। यस्तै, विद्युत्गृह र सर्ज ट्यांक निर्माण स्थलमा खन्ने (एक्स्काभेसन) काम भइरहेको छ।

काममा प्रगति नदेखिएपछि परियोजनाले चार महिनाअघि नै निर्माण कम्पनीलाई 'नोटिस टु करेक्ट' पत्र जारी गरेको थियो। त्यसको जवाफ नआएपछि ५० प्रतिशत पेस्की फिर्ता गर्न पनि पत्राचार गऱ्यो। पत्र प्राप्त भएको एक सातामा पेस्की फिर्ता गर्नुपर्छ। तर, त्यो नभएपछि 'एड्भान्स पेमेन्ट ग्यारेन्टी' बापत ५० प्रतिशत रकम भुक्तानी गर्न जमानी बसेका बैंकहरूलाई पत्राचार गरिएको थियो। ठेकदारले मोबिलाइजेसन पेस्कीका लागि ठेक्काको १० प्रतिशत अर्थात् एक अर्ब २० करोड १४ लाख लगेको थियो। उक्त पेस्कीमा प्रभु, ग्लोबल, माछापुच्छ्रेलगायतका बैंक जमानी बसेका थिए। उनीहरूलाई पेस्कीको ५० प्रतिशत रकम दिन १२ चैत र १७ वैशाखमा पत्र काटे पनि बुझाएका छैनन्।

यता आयोजनाको परामर्शदाताले पनि निर्माण कम्पनीले पेस्की रकम आयोजनामा प्रयोग नगरेर अन्यत्रै दुरुपयोग गरेको प्रतिवेदन दिइसकेको थियो। त्यो अवस्थामा पेस्की फिर्ता लिन सकिने व्यवस्था छ। त्यसमाथि फिल्डमा कामसमेत नभएको देखेपछि परियोजनाले सम्बन्धित बैंकहरूलाई जमानतअनुसार पेस्कीको ५० प्रतिशत रकम (६० करोड सात लाख रुपैयाँ) फिर्ता दिन आग्रह गरेको थियो। तर, त्यसमा बैंकहरूले आनाकानी गरेका छन्। त्यसमाथि निर्माण कम्पनीलाई पेस्कीबाहेक पटक-पटक गरी थप ९३ करोड रुपैयाँ भुक्तानी दिइएको छ।

स्रोतका अनुसार अदालतले समेत मोबिलाइजेसन पेस्की गर्नुपर्ने भनेको छ। जमानत जफत गर्न लागेपछि निर्माण व्यवसायीले उच्च अदालत पाटनमा २२ चैत ०८१ मा र काठमाडौं जिल्ला अदालतमा १० वैशाख ०८२ मा मोबिलाइजेसन जमानत जफत नगराउनका लागि अन्तरिम आदेश माग गर्दै निवेदन दिएको थियो। त्यसमा उच्चले ४ वैशाख र जिल्लाले २ जेठमा अन्तरिम आदेश जारी गर्नुनपर्ने भन्दै आयोजनाको पक्षमा निर्णय दिएको थियो। तर, पेस्की रकम अझै फिर्ता भएको छैन।

प्रतिवेदनअनुसार परियोजना कार्यालयले ठेक्का तोड्नका लागि सिँचाइ विभागमा प्रस्ताव पठाएको छ, जुन अहिले छलफलकै चरणमा छ। अहिले यो विषयमा पूर्वाधार विकास समितिले उपसमिति नै बनाएर अध्ययन गरिरहेको छ, जुन उपसमितिले साउन १४ गतेदेखि काम सुरु गरेको छ, उपसमितिलाई १४ असोजसम्मको समय दिइएको छ। यता सिँचाइ विभागले पनि विज्ञ कमिटी बनाएर अध्ययन गरिरहेको छ। सिँचाइ विभागले २० असारमा बनाएको कमिटीमा पूर्वसचिव सुरेश प्रधानसहित बलाराम पराजुली र नारायण कोइरला रहेका छन्।

विभागका महानिर्देशक मित्र बरालले यस विषयमा अहिले छलफल भइरहेको बताए। 'ठेक्का तोड्न परियोजना कार्यालयबाट प्रस्ताव आएपछि यस विषयमा हामीले विज्ञ कमिटी गठन गरेर छलफल गरिरहेका छौं। साथै, यस विषयमा पूर्वाधार विकास समितिमा छलफल भइरहेको छ। योबाहेक सम्बन्धित मन्त्रालयमा पनि छलफल भइरहेको छ,' उनले भने, 'पूर्वाधार विकास समिति, विज्ञ समितिलगायतले दिने सुझावका आधारमा यसबारे निर्णय हुनेछ। अहिले नै निर्णयको चरणमा पुगिसकेका छैनौं। सबैको राय-सुझाव लिएर यसमा निर्णय गर्नेछौं।'



ठेक्कामा विवाद भएका वेला फेरियो परियोजना प्रमुख

ठेक्कामा विवाद चर्किएका वेला परियोजना प्रमुख अस्वाभाविक रूपमा परिवर्तन गरिएको छ। बद्री कार्कीलाई हटाएर परियोजना प्रमुखको जिम्मेवारी गणेश मरासिनीलाई दिइएको छ। कार्कीलाई भने सिँचाइ विभाग तानिएको छ।

कार्की यो ठेक्का तोडेर नयाँ ठेक्का आह्वान गर्नुपर्ने पक्षमा छन्। उनले नै ठेक्का तोड्ने प्रस्ताव विभागमा लगेका थिए। बैंकलाई जमानतबाट पेस्की फिर्ता गर्न कार्कीले नै पत्र लेखेका थिए। अहिले यो ठेक्कामा विवाद चर्किएका वेला परियोजना प्रमुख परिवर्तन गरिएको हो।

■ यस्ता छन् ठेक्का तोडिने आधारहरू

ठेक्काको अवधि अझै दुई वर्ष बाँकी नै छ। यद्यपि, निर्माण व्यवसायीले बितेको समयमा राम्रो काम गरेको छैन। राम्रो काम नगरेको अवस्थामा ठेक्का अवधि कायमै रहे पनि ठेक्का तोड्न सकिने व्यवस्था सम्झौतापत्रमा रहेको छ।

ठेकदारले सम्झौताबमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छाडेमा वा सम्झौताबमोजिम कामको प्रगति नदेखिएमा जुनसुकै ठेक्का तोड्न सकिने अवस्था छ। 'हाल आयोजनास्थलमा निर्माण व्यवसायीले काम गरेजस्तो मात्र गरेको छ। तर, प्रगति अत्यन्त न्यून छ। यही गतिमा काम गरेमा अबको २५ वर्षमा पनि सकिने समभावना छैन। तसर्थ, ठेक्का तोड्नुको विकल्प नै देखिँदैन,' एक कर्मचारीले बताए।

निर्माण व्यवसायीले पेस्कीको दुरुपयोग गरेमा पनि खरिद सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था छ। योअनुसार ठेक्का तोड्ने आधार देखिन्छ।

■ अध्ययन भएपछि कामको नाटक गर्दै ठेकेदार

ठेक्का तोड्ने गरी अध्ययन प्रक्रिया अघि बढेपछि निर्माण कम्पनीले आंशिक रूपमा काम सुरु गरेजस्तो गरेको छ। 'निर्माण कम्पनीले निर्माणतालिका रिभाइज गरेर पठाएको छ। अहिले कामको गति बढाएको छ। तर, त्यो पर्याप्त छैन,' विभागका एक अधिकारीले भने, 'हामी परियोजना समयमा बन्नुपर्छ भन्नमा छौं। तर, त्यसको आधार देखेका छैनौं।'

कम्पनीले हालसम्म पेस्कीबाहेक ९३ करोड भुक्तानी लगेको छ। एड्भान्सपछि कम्पनीले रनिङ बिल पेस गर्दै भुक्तानीले लिएको हो। तर, काम भने भएको छैन। 'सम्झौता रकमको कम्तीमा १ प्रतिशत रकमबराबरको भएपश्चात् मात्र भुक्तानी पाउने व्यवस्था रहेको छ। तर, निर्माण व्यवसायीले सोबराबरको काम नगर्दै पटक-पटक भुक्तानीका लागि दबाब दिने गऱ्यो। काम नगर्ने कम्पनीलाई भुक्तानीका लागि माथिबाट पनि दबाब आयो,' स्रोतले भन्यो।

राष्ट्रिय गौरवको यो आयोजनाबाट तराईका एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्नेछ। साथै, ३१.०७ मेगावाट विद्युत्समेत उत्पादन गर्नेछ। सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदीको पानीलाई सुरुङमार्फत सिन्धुली जिल्लाको मरिन नदीमा खसालिनेछ। त्यसलाई हालको बागमती सिँचाइ आयोजनाका संरचनाहरूमार्फत मध्यतराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका करिब एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याइनेछ, जहाँ अहिले सिँचाइ सुविधाको अभाव हुँदा उत्पादन प्रभावित भइरहेको छ। यो आयोजना बनेपछि उक्त क्षेत्रमा १२ महिना नै सिँचाइ सुविधा हुनेछ। सिँचाइ दिने क्षेत्रमा तीन गुणा उत्पादन बढाउन सक्नेछ। कृषिबाट वार्षिक २६ अर्ब रुपैयाँ आम्दानी हुने आयोजनाको आकलन छ।


साथै, पानी डाइभर्सन गर्ने क्रममै यसै आयोजनामा भित्र ३१.०७ मेगावाट क्षमताको जलविद्युत् आयोजना पनि बन्नेछ। बिजुली उत्पादनबाट मात्रै वार्षिक एक अर्ब ५५ करोड आम्दानी हुनेछ। यति महत्त्वपूर्ण आयोजनाको निर्माणमा ठेकदार कम्पनीले काम नगर्दा सरकारले नै बचाउ गर्न खोजेको छ।

■ काम नगर्ने कम्पनीले माग्यो ७०१ दिन थप म्याद

निर्माणकार्य अलपत्र पारेको रमण पटेल जेभीले दुई वर्ष समय बाँकी रहँदै थप सात सय एक दिन म्याद दिन प्रस्ताव गरेको छ। ५६ प्रतिशत समय व्यतीत गरेको कम्पनीले हालसम्म १० प्रतिशत मात्रै काम गरेको छ। अब दुई वर्ष समय बाँकी छ। त्यसमा थप सात सय एक दिन (करिब दुई वर्ष) म्याद थप गर्न आग्रह गरेको छ। साथै, कम्पनीले कार्यतालिका पनि पेस गरेको छ। कम्पनीले हालसम्म १५ प्रतिशत काम गरेको दाबी गरे पनि विभागले त्यो स्वीकार गरेको छैन।

त्रिभुवन विमानस्थल आज दिउँसो १२ बजेसम्म बन्द

जेन-जी आन्दोलनका कारण मंगलबार दिउँसो साढे २ बजेदेखि बन्द गरिएको विमानस्थल बुधबार १२ बजेसम्म नखुल्ने



नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बुधबार अपराह्न १२ बजेसम्मका लागि बन्द गरिएको छ। मंगलबार दिउँसो साढे दुई बजेदेखि बन्द गरिएको विमानस्थल बधुबार अपराह्नसम्म नखोलिने भएको हो।

नेपाल नागरिक उड्डयन प्राधिकरणले सूचना जारी गर्दै १२ बजेसम्म सबैखाले आन्तरिक एवं अन्तर्राष्ट्रिय उडान-अवतरणमा रोक लगाएको हो। उद्धारका (रेस्क्यु)बाहेकका सबै उडान रोकिएको प्राधिकरणका प्रवक्ता ज्ञानेन्द्र भुलले जानकारी दिए।

जेन-जी आन्दोलनका क्रममा काठमाडौं उपत्यकामा भएको आगजनीपछि उपत्यकावरिपरि धुवाँको मुस्लो देखिएका कारण उडान-अवतरण रोकिएको उनले बताए। 'काठमाडौंको आकाशमा धुवाँको मुस्लो देखिएको छ, यसले जहाज उडान-अवतरणमा असर पर्छ, त्यसैले भोलिसम्मका लागि विमानस्थल बन्द गरिएको हो,' उनले भने, 'भोलिको अवस्था हेरेर थप निर्णय हुनेछ।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक साढे चार सयभन्दा बढी उडान-अवतरण हुन्छ। दैनिक तीन सयदेखि तीन सय ५० सम्म आन्तरिक र ९० देखि एक सयवटा अन्तर्राष्ट्रिय उडान-अवतरण हुने गरेको छ। अहिले दैनिक १५ हजारभन्दा बढी यात्रुले यात्रा गर्छन्। यद्यपि, सिजनमा भने अझ बढीले यात्रा गर्छन्।


भैरहवा विमानस्थलमा तोडफोड

आन्दोलनकारीले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा समेत तोडफोड गरेका छन्। भैरहवा विमानस्थलको टर्मिनल भवन र टावरबिचको क्षेत्रमा आगजनी भएको उनले बताए। अहिले स्थिति नियन्त्रणमा आइसकेको छ। 'सबै विमानस्थल सुरक्षित छन्, टिआइएलाई आर्मीले सुरक्षा दिइरहेकै छ,' उनले भने, 'सबै पक्षले यात्रुको सुरक्षामा ध्यान दिनुपर्छ।'

अत्यावश्यक सेवामा आक्रमण नगर्न नेपाल टेलिकम र एनसेलको अपिल

एनसेलले दुई दिनका लागि निःशुल्क लोकल भ्वाइस कल, इन्टरनेट र एसएमएस सेवा दिने





काठमाडौं/ दूरसञ्चार सेवाप्रदायक कम्पनीले अत्यावश्यक दूरसञ्चारको समग्र सेवामा अवरोध उत्पन्न हुन सक्ने भन्दै कुनै पनि आक्रमण र तोडफोड नगर्न अपिल गरेका छन्। नेपाल टेलिकम र एनसेलले विज्ञप्ति जारी गर्दै यस्तो अपिल गरेका हुन्। टेलिकमले भनेको छ, 'नेपाल टेलिकम नेपालमा दूरसञ्चार सेवाको विकास र विस्तारमा निरन्तर लागिरहेको सार्वजनिक संस्था भएको र नेपाली जनताको आफ्नै साझा सम्पत्ति रहेको सर्वविदितै छ।'

> नेपाल टेलिकम नेपालमा दूरसञ्चार सेवाको विकास र विस्तारमा निरन्तर लागिरहेको सार्वजनिक संस्था हो। आक्रमण हुँदा नेपाली जनताको आफ्नै साझा सम्पत्ति विनाश हुन्छ।

कम्पनीले राष्ट्रिय विपत्ति तथा अत्यावश्यक समयमा समेत सेवा प्रदान गर्दै आएको उल्लेख गर्दै टेलिकमले भनेको छ, 'यस कम्पनीको भौतिक सम्पत्तिसमेत सम्पूर्ण नेपाली जनताको सम्पत्ति भएको हुनाले यस कम्पनीप्रति सद्भाव राख्नुहुन तथा संरक्षण गरिदिनुहुन सम्पूर्णमा नेपाल टेलिकम हार्दिक अनुरोध गर्दछ।'

त्यसैगरी, एनसेलले दूरसञ्चारजस्तो अत्यावश्यक सेवा अवरुद्ध नगराउन आग्रह गरेको छ। मंगलबार प्रदर्शनकारीले कम्पनीको केन्द्रीय कार्यालयमा तोडफोड तथा आगजनी गरेपछि विज्ञप्ति जारी गर्दै यस्तो बताएको छ। दूरसञ्चारजस्तो अत्यावश्यक तथा सार्वजनिक सम्पत्तिमाथि क्षति भएमा समग्र सेवामा अवरोध उत्पन्न भई उपभोक्तालाई मर्का पर्ने एनसेलले स्मरण गराएको छ।

'आज २०८२ साल भाद्र २४ गते मंगलबार यस कम्पनीको केन्द्रीय कार्यालयमा आन्दोलनकारीहरू प्रवेश गरेर तोडफोड भएको छ। दूरसञ्चार जस्तो अत्यावश्यक तथा सार्वजनिक सम्पत्तिमाथि क्षति भएमा समग्र सेवामा अवरोध उत्पन्न भई उपभोक्ताहरूलाई मर्का पर्ने सुनिश्चित छ। यस्ता अत्यावश्यक सेवा तथा सम्पत्तिमाथि कुनै पनि क्षति नपुऱ्याइदिन र अविच्छिन्न सञ्चार सेवा प्रदान गर्न सहयोग गर्न एनसेलले सबैलाई आग्रह गरेको छ,' विज्ञप्तिमा उल्लेख छ।

साथै, कम्पनीले उपभोक्तालाई सहज सञ्चारको पहुँचको सुनिश्चितताका लागि मंगलबार र बुधबार दुई दिनका लागि निःशुल्क लोकल भ्वाइस कल, इन्टरनेट र एसएमएस सेवा उपलब्ध गराएको बताएको छ। साथसाथै, देशमा हालै विकसित भएको घटनाक्रम र त्यसमा ज्यान गुमाउनेहरूप्रति समवेदनासमेत व्यक्त गरेको छ।

बागमतीमा उत्पादनमुखी वन व्यवस्थापन, काठ उत्पादनमा उल्लेख्य वृद्धि

बागमतीका चार हजार ५३४ मध्ये १२९ सामुदायिक वनको करिब ३७ हजार ५७ हेक्टर क्षेत्रमा दिगो वन व्यवस्थापन लागू

मकवानपुरमा **पोष्टराज अधिकारी**

संघीय सरकारले ०७७ मा वैज्ञानिक वन कार्यक्रम खारेज गरेपछि बागमती प्रदेश सरकारले सुरु गरेको दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी देखिएको छ। प्रदेशभित्रका सामुदायिक वनहरूमा वन संवर्द्धन प्रणालीमा आधारित उत्पादनमुखी वन व्यवस्थापनका लागि कार्यविधि बनाएर कार्यान्वयनमा ल्याएसँगै दिगो वन व्यवस्थापन प्रभावकारी देखिएको बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव डा. केदार बरालले दाबी गरे।

उनका अनुसार बागमती प्रदेश सरकारले संघीय सरकारबाट वैज्ञानिक वन कार्यक्रम खारेज भएपछि काठ तथा दाउराको उत्पादनमा वृद्धि गर्न दिगो वन व्यवस्थापन प्रणालीलाई तीव्र रूपमा अघि बढाएको छ। सचिव डा. बरालले हाल बागमती प्रदेशका कुल चार हजार पाँच सय ३४ सामुदायिक वनमध्ये एक सय २९ सामुदायिक वनको करिब ३७ हजार ५७ हेक्टर क्षेत्रमा दिगो वन व्यवस्थापन लागू गरिएको छ।

आर्थिक वर्ष ०७९/८० बाट लागू गरिएको उक्त कार्यक्रमबाट वन व्यवस्थापन र काठ-दाउरा उत्पादनमा अपेक्षाकृत सफलता मिलेको मन्त्रालयका सचिव डा. बरालले जानकारी दिए। उनका अनुसार गत आवमा मात्रै दिगो वन व्यवस्थापन लागू गरिएका वनहरूबाट दुई लाख ७३ हजार सात सय एक क्युफिट काठ उत्पादन गरिएको छ।



■ गत आवमा मात्रै दिगो वन व्यवस्थापन लागू गरिएका वनहरूबाट दुई लाख ७३ हजार सात सय एक क्युफिट काठ उत्पादन

■ प्रदेशका सबै वन क्षेत्रमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी रूपमा विस्तार गर्न सके वार्षिक तीन करोड क्युफिट काठ उत्पादन गर्न सकिने सम्भावना

समग्रमा काठ उत्पादन भने २५ लाख ७१ हजार क्युफिट पुगेको उनको भनाइ छ।

यस्तै, सचिव डा. बरालले विगतका आर्थिक वर्षहरूको तथ्यांक हेर्दा, काठ तथा दाउराको उत्पादनमा क्रमिक वृद्धि देखिएको छ। मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार आव ०७५/७६ मा १६ लाख ८६ हजार नौ सय ४६ क्युफिट काठ उत्पादन हुँदा ०७९/८० मा यो संख्या २६ लाख ३५ हजार चार सय ११ क्युफिट पुगेको छ। यस्तै, सोही अवधिमा दाउरा उत्पादन एक हजार तीन सय ८५ चट्टाबाट बढेर दुई हजार ६ सय ४९ चट्टासम्म पुगेको छ।

मन्त्रालयका सचिव डा. बरालका अनुसार प्रदेशका सबै वन क्षेत्रमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी रूपमा विस्तार गर्न सके वार्षिक तीन करोड क्युफिट काठ उत्पादन गर्न सकिने सम्भावना छ।

उनले प्रदेशभित्रका सम्पूर्ण वनमा दिगो वन व्यवस्थापन लागू गर्नु प्रदेशको वन तथा वातावरण मन्त्रालयको प्रमुख लक्ष्य रहेको बताए। उनले यसका लागि खाली भू-भागमा वृक्षारोपण गर्नु, काठको आन्तरिक माग पूरा गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु मुख्य उद्देश्य रहेको छ।

सचिव डा. बरालले दिगो वन व्यवस्थापन कार्यक्रमका कारण प्राकृतिक स्रोतको दीर्घकालीन संरक्षण, स्थानीय सहभागिता र सुशासनको प्रवर्द्धन, वनसँग जोडिएका स्थानीय र सरकार स्वयंलाई आम्दानीको अवसर, वनजन्य उत्पादनमा वृद्धि हुनुका साथै जलवायु परिवर्तन न्यूनीकरण र अन्तर्राष्ट्रिय जलवायु वित्तमा समेत पहुँच पुगेको बताए।

उनले यति हुँदा-हुँदै पनि दिगो वन व्यवस्थापनका कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजान प्राविधिक जनशक्तिको कमी भएको बताए। यस्तै, प्रदेशभरका सामुदायी वनहरूमा यो कार्यक्रम लागू गर्न स्रोतको अभाव हुनुका साथै संघ सरकार र प्रदेशबिच नीतिगत एकरूपता नहुँदा भने समस्या भएको जानकारी दिए।

उनले संघ सरकार र प्रदेश सरकारबिच नीतिगत स्पष्टता र प्राविधिक पूर्वाधार अझ सुदृढ गर्न सके बागमती प्रदेशमा सुरु भएको दिगो वन व्यवस्थापन कार्यक्रमले काठ उत्पादन वृद्धिसँगै वन संरक्षण र स्थानीय विकासमा सन्तुलन कायम गर्न सक्ने दाबी गरे।

लहानमा गोदामको चामल र चिनी लुटियो

लहान/ मंगलबार भद्किएको हिंसात्मक प्रदर्शनको असर देशभर परेको छ। प्रदर्शनकारीले विभिन्न ठाउँमा आगजनीका साथै लुटपाटसमेत गरेका छन्। यसै क्रममा लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको गोदाममा राखिएको चिनी, चामल लुटपाट भएको छ।

खाद्यको गोदाममा सात हजार क्विन्टल जिरा चामल थियो। त्यसैगरी, पाँच सय क्विन्टल सोना चामल, तीन हजार पाँच सय क्विन्टल चिनी लुटपाट भएको एक कर्मचारीले बताए। उनका अनुसार चामल, चिनी लुटपाटसँगै कार्यालयको चारपांग्रे सवारीसाधन र कार्यालयमा आगजनी भएको छ। ट्राफिक प्रहरी कार्यालयमा आगजनी गरेपछि नजिकै रहेको सरकारी कार्यालयको आगजनीपछि पनि गरेका थिए।

त्यसैगरी, प्रदर्शनकारीले चितवनस्थित भाटभटेनी सुपरमार्केट र सिजी ल्यान्डमार्कमा पनि क्षति पुऱ्याएका छन्। सुरुमा उनीहरूले सार्वजनिक कार्यालयमा आगजनी गरेका थिए। त्यसपछि भाटभटेनी सुपरमार्केटमा ढुंगा प्रहार गरेर सिसा फोडेर आगो लगाइदिए। त्यसको आडैमा रहेको सिजी ल्यान्डमार्कमा पनि आगो लगाइदिएका छन्।

■ निजी व्यवसायमा आगजनी



जेन-जी आन्दोलनका क्रममा थापाथलीमा रहेको एक निजी गाडी कम्पनीको सोरुममा मंगलबार भएको आगजनी

झापा इनर्जीको आइपिओमा मागभन्दा ३९.३८ गुणा बढी आवेदन

काठमाडौं/ झापा इनर्जी लिमिटेडको आइपिओमा मागभन्दा ३९.३८ गुणा बढी आवेदन परेको छ। कम्पनीले २० देखि २४ भदौसम्म सर्वसाधारणमा चार लाख ७३ हजार ३३६ कित्ता सेयर निष्कासन गरेको थियो। सिडिएसीका अनुसार मंगलबार साँझसम्म १६ लाख ५३ हजार पाँच सय ८६ जना आवेदकबाट एक करोड ८६ लाख ४१ हजार ५०० कित्ताका लागि आवेदन परेको हो।

कम्पनीले प्रतिकित्ता १०० रुपैयाँका दरले जम्मा ९ लाख ५० हजार ४७५ कित्ता आईपीओ निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट असार ३१ गते अनुमति पाएको थियो। जसमध्ये जारी पुँजीको १० प्रतिशत अर्थात् ३ लाख ८० हजार १९० कित्ता आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा र १५ प्रतिशत अर्थात् ५७ हजार २९ कित्ता आईपीओ वैदेशिक रोजगारीमा गएका नेपालीका लागि बिक्री गरी बाँडफाँट पनि गरिसकेको छ।

त्यसैगरी कम्पनीले २८ हजार ५१४ कित्ता सामूहिक लगानी कोष र ११ हजार ४०६ कित्ता शेयर कम्पनीका कर्मचारीलाई सुरक्षित गरी सर्वसाधारणका लागि बिक्री खुलाएको थियो।

यो सेयरमा लगानीकर्ताले न्युनतम १० कित्ता र अधिकतम ५ हजार कित्ताका लागि आवेदन दिन सक्नेछन्। कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा हिमालयन क्यापिटल लिमिटेड रहेको छ।

कर्पोरेट

दमकमा खुल्यो कजारिया टायल्सको सोरुम

काठमाडौं/ भारतको टायल निर्माता कजारियाको नयाँ सोरुम झापाको दमकमा सञ्चालनमा आएको छ। न्यु कोहिनुर ग्रेनाइट एन्ड टायल्सद्वारा सञ्चालित सोरुमले उच्च गुणस्तरका टायलको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको छ। सोरुको उद्घाटन दमक नगरपालिकाका मेयर रामकुमार थापाले गरे। उद्घाटन कार्यक्रममा कजारियाका निर्देशक हिमांशु अग्रवाल, मिस नेपाल वर्ल्ड, २०२५ विजेता लुना लुइँटेल र मिस नेपा इन्टरनेसनल उरुषा भण्डारीको पनि सहभागिता थियो। उद्घाटन कार्यक्रममा मेयर थापाले भने, 'यो सोरुम गुणस्तर र डिजाइनले कसरी हाम्रो घर र समुदायलाई रूपान्तरण गर्न सक्छ भन्ने उत्कृष्ट उदाहरण हो। हामी दमकमा कजारियाको लगानीलाई स्वागत गर्दछौं। यो सोरुमले हाम्रो क्षेत्रमा आन्तरिक सजावट समाधानहरूको स्तर उकास्न महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास छ।'



कम्पनीका निर्देशक अग्रवालले कजारियामा आफ्नो लक्ष्य सधैं अन्तर्राष्ट्रियस्तरको गुणस्तर र डिजाइनलाई सबैको पहुँचमा ल्याउनु रहेको बताए। यो सोरुम प्रेरणादायी बनाउने उद्देश्यले निर्माण गरिएको र यसले दमकका ग्राहकलाई नवीन, टिकाउ र स्टाइलिस टाइलहरूको विस्तृत चयनसँग प्रत्यक्ष जोड्ने उनको भनाइ छ।

दमकस्थित यो नयाँ सोरुमले प्रिमियम टायलको अनुभव दिनेछ, जसले ग्राहकलाई सजिलो पहुँच र सुविधा सुनिश्चित गर्ने बताइएको छ।

सोरुम विस्तारसँगै कजारियाले उच्च गुणस्तर र डिजाइनका नयाँ मापदण्ड लागू गर्ने आफ्नो मिसनलाई नेपालका निर्माण सामग्रीको क्षेत्रमा बलियो बनाउँदै लगेको कम्पनीको दाबी छ। नेपालका निर्माण सामग्रीको क्षेत्रमा आफ्नो नेतृत्वलाई बलियो बनाउन लागिपरेको कजारियाले जनाएको छ।

दसैं आउनै लाग्दा ताप्लेजुङका किसानलाई अलैंची टिप्न भ्याई-नभ्याई

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

दसैं आउन लाग्दा जिल्लाको औल क्षेत्रका अधिकांश किसान अलैंची टिप्ने, छोडाउने र सुकाउने काममा व्यस्त भएका छन्। ताप्लेजुङमा साउनको अन्तिमदेखि सुरु भएको अलैंची थन्क्याउने चटारो मंसिर महिनासम्म रहन्छ। बिचमा बगेको तमोर नदीको किनारमा रहेका किसानले भदौ लाग्दा नै अलैंची थक्याइसकेका छन् भने अहिले जिल्लाको मध्यम भागका किसान अलैंची टिप्न, छोडाउन र भट्टी लगाउन व्यस्त छन्।

अलैंची ताप्लेजुङको प्रमुख नगदे बाली हो। जिल्लाको बँसी क्षेत्रमा साउन महिनादेखि टिपाइ सुरु भए पनि लेकाली क्षेत्रमा मंसिरको अन्तिमसम्मै यो प्रक्रिया चल्छ। अहिले भने जिल्लाको मध्य भागदेखि तल अलैंची भित्र्याउने मुख्य समय भएकाले किसानहरू दिनरात खटिएका छन्।

फुङलिङ नगरपालिका- १ का किसान चेतनाथ बरालले अलैंची ढिलो भित्र्याउँदा वन्यजन्तुले खाइदिने डर हुने बताए। सोही कारण चाडपर्व आउँदासम्ममा यो क्षेत्रका किसानले अलैंची भित्र्याइसक्ने गरेको बताउँछन्। यहाँभन्दा माथिको क्षेत्रमा चाडबाड



दसैं-तिहार नभनी अलैंची भित्र्याउन धमाधम हुने बरालको भनाइ छ।

हाल ताप्लेजुङ जिल्लाका नौ स्थानीय तहमध्ये फक्ताङलुङ- ७ को ओलाङचुङगोलाबाहेक सबै वडामा अलैंची खेती हुने गरेको छ। करिब ४,४५० हेक्टर क्षेत्रफलमा अलैंची खेती हुँदै आएको छ। यहाँ प्रतिमन (४० किलो) अलैंचीको मूल्य ८५ हजार पाच सय ५० रहेको छ। अलैंची बगानले रोजगारीको अवसर पनि सिर्जना गरिरहेको छ। अलैंची टिप्न सुरु भएपछि जिल्लाका विभिन्न भागबाट अलैंची बगानमा गई दसैं, तिहार खर्च जुटाउनेतर्फ मजदुरहरू लागेको बताइन्छ।

अलैंची बगानमा एक दिन काम गरे मजदुरले प्रतिदिन रु. ५०० देखि रु. ७०० सम्मको ज्याला पाउने गरेका छन्। यसरी, ताप्लेजुङमा अहिलेको समय किसान र मजदुर दुवैका लागि अलैंचीको मौसम बनेको छ।

धनकुटाबाट आठ करोडको अलैंची निर्यात

धनकुटामा **सन्तोष रुचाल**

धनकुटामा अलैंची उत्पादन बढेसँगै निर्यात पनि वृद्धि भएको छ। गत वर्ष मात्र धनकुटाबाट आठ करोडभन्दा बढी अलैंची निर्यात भएको छ।

खोल्सीको कालो सुनको नामले चिनिने अलैंची आर्थिक वर्ष ०८१/८२ मा धनकुटाबाट आठ करोड ५० लाख ६३ हजारबराबरको निर्यात भएको कृषि ज्ञानकेन्द्र धनकुटाले जनाएको छ। अघिल्लो आर्थिक वर्ष ०८०/८१ को तुलनामा गत आवमा पाँच दशमलव दुई मेट्रिकटन अर्थात् एक करोड चार लाखभन्दा बढीको अलैंची निर्यात भएको कृषि ज्ञानकेन्द्रले जनाएको छ।

गत आर्थिक वर्ष धनकुटामा करिब एक सय २७ हेक्टर क्षेत्रफलमा अलैंची खेती गरिएको थियो। उक्त खेतीबाट करिब ४० मेट्रिकटन अलैंची उत्पादन भएको कृषि ज्ञानकेन्द्र धनकुटाका प्रमुख नगेन्द्र रानाले बताए। पछिल्लो समय अलैंचीले उचित मूल्य पाएसँगै कृषकहरू अलैंची खेतीमा आकर्षित हुन थालेका छन्।

अहिले अलैंचीको मूल्य प्रतिमन ७५ हजारदेखि ९५ हजार रुपैयाँसम्म बिक्री हुँदै आएको छ। विभिन्न खालका रोगको प्रकोपका कारण सखाप बनेका जिल्लाका कतिपय अलैंची खेतीका बगानहरूमा पनि पछिल्लो समय उत्पादन हुन सुरु भएको ज्ञानकेन्द्रका प्रमुख रानाले बताए। अलैंची खास गरेर खोलाखाल्सी, भिरालो, तर ओसिलो जमिनमा उत्पादन हुने गर्छ। अलैंची कम लागत र परिश्रममा राम्रो आम्दानी दिने वस्तु हो।

'दसैं-तिहारको ठुलो हर्ष, क्रम्पटनको आकर्षक उपहार' अफर

काठमाडौं/ यस वर्षको दसैं-तिहारलाई लक्षित गर्दै क्रम्पटनले ग्राहकका लागि विशेष अफर ल्याएको छ। सिजी इलेक्ट्रोनिक्सले यो अफर ल्याएको हो। जसमा क्रम्पटनका उत्पादन खरिद गर्ने उपभोक्ताले आकर्षक उपहारका साथै भाग्यशाली पुरस्कार जित्न सक्नेछन्। योजना बम्पर लक्की ड्रअन्तर्गत ग्राहकले माइडियाको ४८२ लिटरको रेफ्रिजेरेटर जित्न सक्नेछन्। त्यस्तै, मासिक लक्की ड्रमा माइडिया १०० सिरिजको वासिङ मेसिन र साप्ताहिक रूपमा क्रम्पटनको मिक्सर ग्रिन्डर प्राप्त गर्न सकिनेछ।



यसमा सजिलो किस्ताबन्दी, निःशुल्क होम डेलिभरी, निःशुल्क इन्स्टलेनस तथा प्रडक्टअनुसार ६० महिनासम्मको वारेन्टी पाइनेछ। योजनामा सहभागी हुन ग्राहकले सामान खरिद गरेपछि क्युकार स्क्यान गरेर आफ्नो विवरण दर्ता गर्नुपर्नेछ। क्रम्पटन भारतीय ब्रान्ड हो। यसले फ्यान, एयर कन्डिसनर, वाटर हिटर, मिक्सर ग्रिन्डरलगायत घरायसी सामान उत्पादन तथा बिक्री गर्दै आइरहेको छ।

दुई लाखभन्दा बढी संस्थापक सेयर बिक्री गर्दै हिमालयन बैंक

काठमाडौं/ हिमालयन बैंक लिमिटेडले संस्थापक सेयर बिक्रीमा ल्याएको छ। बैंकले विभिन्न संस्थापक सेयरधनीका नाममा रहेको कुल दुई लाख १४ हजार ४९२.६७ कित्ता बिक्रीमा ल्याएको हो। पहिलो चरणमा यो सेयर हाल बैंककै संस्थापक सेयरधनीलाई खरिद गर्ने गरी प्राथमिकता दिइएको छ।

खरिदकर्तालाई ३५ दिनभित्र बैंकको कानुन विभाग, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंमा निवेदन दिन भनिएको छ। बैंकका अनुसार सेयरको मूल्य विक्रेताअनुसार फरक-फरक तोकिएको छ। तोकिएको समयभित्र खरिद आवेदन नपरेमा दोस्रो चरणमा उक्त आमलगानीकर्ताले खरिद गर्न मिल्ने गरी बिक्री खुला हुने बैंकले जनाएको छ।

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०
बुधबार २५ भदौ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

स्वदेश फर्किन पाएन बंगलादेशी टोली

नेपालविरुद्धको दोस्रो मैत्रीपूर्ण खेल स्थगित भएपछि बंगलादेशी टोली मंगलबार साँझ ४ बजे विमान बंगलादेशको फ्लाइटमार्फत घर फर्किने तयारीमा थियो, तर जेन-जी आन्दोलन चर्किएपछि टोली विमानस्थलसम्मै जान पाएन



फाइल तस्बिर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

जेन-जी आन्दोलनका कारण नेपालको वर्तमान परिस्थितिका कारण स्वदेश फर्किने तयारीमा रहेको बंगलादेशी फुटबल टोली काठमाडौंमै रोकिएको छ। फिफा डेमा दुई मैत्रीपूर्ण खेलका लागि बंगलादेश टोली गत साता काठमाडौंमा आएको थियो। दशरथ रंगशालामा मंगलबार हुने भनिएको दोस्रो मैत्रीपूर्ण खेल स्थगित भएपछि बंगलादेशी टोली मंगलबार साँझ ४ बजे विमान बंगलादेशको फ्लाइटमार्फत फर्कने तयारीमा थियो। तर, दिनभरि आन्दोलन चर्किएपछि टोली विमानस्थल नै जान पाएनन्।

आन्दोलनका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्द गरिएको छ। बंगलादेशी टोली होटेलमै सुरक्षित रहेको एन्फाले जनाएको छ। विदेशी पाहुना खेलाडीहरूसँग निरन्तर सम्पर्कमा रहेको एन्फाले बताएको छ। मैत्रीपूर्ण खेलको आयोजक एन्फाले सुरक्षा व्यवस्था मध्यनजर गरी खेल रद्द गरेको थियो। यी दुई राष्ट्रबिच शनिबार भएको पहिलो खेल गोलरहित बराबरीमा सकिएको थियो।

सोमबार जेन-जीको आन्दोलन चर्किरहँदा एन्फाले दिउँसो दशरथ रंगशालामै प्रि-म्याच कन्फरेन्स गरी खेलको तयारी पूरा भएको जनाएको थियो। तर, अचानक सुरक्षा अवस्था गम्भीर बनेपछि प्रतियोगिता स्थगित भएको एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिए। एन्फाले प्रतियोगिता स्थगित गर्नुपर्दा समर्थकहरूसँग क्षमा पनि मागेको छ। राष्ट्रिय फुटबल टोलीका एट्याकिङ मिडफिल्डर तथा प्रभावशाली खेलाडी भरत खवासले बंगलादेशविरुद्धको दोस्रो खेलपछि अन्तर्राष्ट्रिय खेलजीवनबाट सन्न्यास लिने घोषणा गरेका थिए। तर, खेल स्थगितसँगै खवासको सन्न्यास पनि पर धकेलिएको छ।

बंगलादेशको झल्को दिइरहेको छ : बंगलादेशी पत्रकार

नेपाल र बंगलादेशबिचको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलको समाचार सम्प्रेषण गर्न बंगलादेशका एक दर्शन खेल पत्रकार काठमाडौं आएका थिए। जेन-जीको आन्दोलनका कारण बंगलादेशी टोलीसँगै उनीहरू पनि स्वदेश फर्कन पाएनन्। बंगलादेशका खेल पत्रिका सुदिप्तोले काठमाडौं बसाईंका क्रममा नेपालको जेन-जे आन्दोलन प्रत्यक्ष देखे। उनले यसलाई गत वर्ष बंगलादेशमा भएको त्यस्तै आन्दोलनको झल्को दिएको बताए।

गत वर्षको जुलाई र अगस्ट महिनामा बंगलादेशमा युवा पुस्ताले सरकारविरोधी आन्दोलन गरेको थियो। 'आज हामीले काठमाडौंमा जे देख्यौं, एक वर्षअगाडि ढाकामा पनि त्यस्तै स्थिति देखेका थियौं,' उनले सोमबार प्रिपोस्ट म्याच अगाडि भनेका थिए।

बंगलादेशी सरकारले कोटा प्रणालीको विरोधमा युवा पुस्ताले आन्दोलन गरेका थिए। पछि आन्दोलन सरकारको गलत कामको विरोधमा केन्द्रित भयो। सेख हसिनाको नेतृत्वमा रहेको सरकार नै ढल्यो।

'मलाई लाग्छ, जेन-जीको रगत तातो हुन्छ। नेपालमा जसरी सामाजिक सञ्जालमाथिको प्रतिबन्ध लाग्यो, त्यसले युवा पुस्ता रिसाएका देखिए,' उनले भने ।। 'अहिले जति पनि हामी बंगाली खेल पत्रकार यहाँ छन्। सबैले ढाकामा भएको आन्दोलनलाई सम्झिरहेका छन्,' आनन्दले भने, 'मलाई आशा छ नेपालमा चाँडै शान्ति आउनेछ।'

जेन-जीलाई विभिन्न खेलाडीको समर्थन

'जेन-जी' पुस्ताको प्रदर्शनमा विभिन्न खेलका राष्ट्रिय खेलाडीले पनि नैतिक समर्थन जनाए। क्रिकेट, फुटबल, बास्केटबल, टेबलटेनिसलगायत खेलका खेलाडीले सोसल मिडियामा जेनजीको प्रदर्शनप्रति समर्थन जनाएका हुन्। टेबलटेनिसकी सिक्का सुवालले आफू अब कहिल्यै विभागीय टोलीबाट नखेल्ने जनाएकी छिन्। 'म अबदेखि कहिल्यै विभागीय टोलीका प्रतिनिधित्व गर्दिनँ (खेलाडी वा प्रशिक्षकको रूपमा),' आक्रोशित बनेका सिक्काले सामाजिक सञ्जाल फेसबुकमा लेखेकी छिन्।

जेन-जीको प्रदर्शनमा पहिलो दिन १९ जनाले ज्यान गुमाएपछि सोमबारै राति नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले पनि प्रदर्शनमा सरकारले गरेको दमनप्रति असन्तुष्टि पोखेका थिए। 'आशा बोकेर हिँडेका उनीहरू आज सहिद बने। अधुरा सपना र आकांक्षा, हाम्रो मातृभूमिका सन्तान, हाम्रो युवा... किन ? निःशब्द। हार्दिक श्रद्धाञ्जली,' उनले सामाजिक सञ्जालमा लेखेका छन्।

यसअघि, नेपाली क्रिकेट टिमका पूर्वकप्तान एवं नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले जेन-जीको प्रदर्शनमा समर्थन जनाएका थिए। खड्काले एक भिडियो सार्वजनिक गर्दै घटनाबाट आफू निकै विचलित बनेको जनाए। उनले मध्यावधि निर्वाचनको मागसमेत गरेका छन्।

यसैगरी, राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेम्जोङले पनि सामाजिक सञ्जालमार्फत जेन-जीको प्रदर्शनमा सरकारले गरेको दमनप्रति विरोध जनाएका छन्। राष्ट्रिय क्रिकेटकै उपकप्तान दीपेन्द्रसिंह ऐरीले फेसबुकमै भनेका छन् 'यो संघर्ष यात्तिमै अन्त्य हुँदैन, हाम्रो पुस्ताको आवाज अझ बलियो हुनेछ।'

यू-१६ युथ लिग

सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्समा एन्फाले आयोजना गरिरहेको यू-१६ युथ लिग फुटबल प्रतियोगिता चलिरहेको छ। एन्फाले मंगलबार हुने खेल पनि स्थगित गऱ्यो। एन्फाले स्थगित खेलको नयाँ मितिपछि सार्वजनिक गरिने जनाएको छ। यसैगरी, काठमाडौंमा जारी काष्ठमण्डप कप बास्केटबल र फुटसल प्रतियोगिता पनि खेल स्थगित गरिएको आयोजकले जनाएको छ। यी प्रतियोगिताको नयाँ मितिपछि सार्वजनिक गरिने आयोजकले जनाएको छ।

एभरेस्ट महिला भलिबल लिग

देशको विद्यमान परिस्थितिलाई मध्यनजर

EVEREST WOMEN'S VOLLEYBALL LEAGUE

गर्दै पोखरामा चलिरहेको दोस्रो एभरेस्ट प्रिमियर लिग खेल स्थगित गर्ने निर्णय भएको आयोजक इन्फिनिटी ड्रिम्स प्रालिले जनाएको छ। जेन-जी पुस्ताले आयोजना गरेको विरोध प्रदर्शनमा व्यापक दमनका कारण संघीय राजधानी सुरक्षा चुनौती थपिएको आयोजकले भनेको छ। खेल तालिकाअनुसार मंगलबार पहिलो खेल कर्णाली यसविस र मधेश युनाइटेडबिच थियो।

साबिक विजेता कर्णाली र उपविजेताले लगातार तीन खेल जित्दै समान नौ अंक जोडेका छन्। तीन खेलबाट दुई अंक जोडेको लुम्बिनीको दुई अंक छ। एक अंक जोडेको पोखरा निन्जाज दुई खेलअघि नै फाइनल होडबाट बाहिरिएको थियो। तीन अंक जोडेका मधेश र काठमाडौं स्पाइकर्सको फाइनल खेल्ने गणितीय सम्भावना बाँकी छ। दुवै टोलीले समान खेल्न बाँकी छ। लिगको खेल तालिकाअनुसार दोस्रो खेल ललितपुर क्विन्स र पोखरा निन्जाजबिच खेल हुनुपर्ने थियो।

लिगमा ललितपुरले पनि तीन खेल जित्दै फाइनल पुग्ने सम्भावना बलियो बनाएको छ। 'यो कठिन घडीमा हामी ज्यान गुमाउनेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै, दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं। साथै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं, विज्ञप्तिमा भनिएको छ।

■ एएफसी यू-२३ एसियन कप छनोट

जितविहीन हुँदै बाहिरियो नेपाल



नयाँ पत्रिका

नेपालले जितविहीन रहँदै एएफसी यू-२३ एसियन कप छनोट प्रतियोगिताबाट बाहिरिएको छ। एक खेलअगाडि नै छनोट समीकरणबाट बाहिरिसकेको नेपाल समूह 'के'को आफ्नो अन्तिम खेलमा फिलिपिन्ससँग ४-० ले पराजित भयो। छनोट खेलमा नेपालको यो लगातार तेस्रो हार हो। पहिलो खेलमा घरेलु टोली ताजकिस्तानसँग नेपाल ४-० ले हारेको थियो। त्यसपछि दोस्रो खेलमा सिरियाले नेपाललाई ४-२ ले हरायो। जितसँगै फिलिपिन्सले तीन खेलमा ६ अंक जोड्दै अर्को वर्ष साउदी अरेबियामा हुने एसियन कपमा स्थान बनाउने सम्भावनालाई जीवितै राखेको छ।

ताजकिस्तानको मामिर रंगशालामा मंगलबार फिलिपिन्सलाई जित दिलाउन ओटु बोनोटाउ, ह्याभियर मारियोना, दोभ कारिनो र कप्तान सान्द्रो रेएसले समान एक गोल गरे।

एएफसी यू-२३ एसियन कप छनोटमा नेपाल अन्तिम खेलमा फिलिपिन्ससँग ४-० ले पराजित

फिलिपिन्सले दुवै हाफमा समान दुई गोल गरेको थियो। खेलको ३३औं मिनेटमा स्ट्राइकर बोनोटाउले हेडिङ गर्दै फिलिपिन्सलाई १-० को अग्रता दिलाए। खेलको ३७औं मिनेटमा अर्का स्ट्राइकर मारियोनाले पेनाल्टीमा गोल गर्दा फिलिपिन्स मध्यान्तरअघि २-० ले अघि रह्यो। डिबक्सभित्र नेपालका डिफेन्डर रक्षक विशाल नेपालीले विपक्षी खेलाडी फल गरेपछि फिलिपिन्सले पेनाल्टी पाएको थियो।

दोस्रो हाफमा दुई गोल

खेलको ५९औं मिनेटमा मारियोनाको पासमा बोनोटाउको प्रहार क्रसबारमा लागेर बाहिरिएको थियो। खेलको ७५औं मिनेटमा बोनोटाउले अर्को सुन्दर अवसरमा गोल गर्न चुके। उनले 'वान भर्सेस वान'मा नेपालका गोलरक्षक अमित टमाटालाई बिट गरेका थिए। त्यसपछि उनको प्रहार पहिलो बारनजिक हुँदै बाहिरियो।

खेलको ८१औं मिनेटमा फिलिपिन्सले तेस्रो गोल थप्यो। डिबक्सबाहिरबाट कप्तान रेएसको प्रहार अमितले बचाएका थिए। रिबाउन्डमा कारिनोले ३-० का लागि गोल गरे। अन्तिम इन्जुरी समयमा रेएसले फिलिपिन्सलाई ४-० को जित दिलाए। उनले फ्रिकिकमा गोल गरेका हुन्। नेपालका सुमित श्रेष्ठले एक अवसर खेर फाले।

खेल संक्षेप

नेपाल भलिबल संघको साधारणसभा स्थगित

काठमाडौं/ जेन-जी आन्दोलनका लागि कारण देशमा प्रतिकूल अवस्था सिर्जना भएपछि नेपाल भलिबल संघले आफ्नो साधारणसभा स्थगित गरेको छ। संघको १२औं साधारणसभा २७ भदौमा पोखरामा हुने तय थियो। '२०८२ भदौ २३ देखि देशका विभिन्न भागमा भएका आन्दोलनको क्रममा थुप्रै युवा तथा विद्यार्थीको अमूल्य ज्यान गुमाउन परेको अत्यन्त दुःखद र पीडादायी अवस्था सिर्जना भएको हुँदा नेपाल भलिबल संघको मिति ०८२ भदौ २७ गते गण्डकी प्रदेश कास्की जिल्लाको पोखरामा तथ १२औं साधारणसभा अर्को सूचना प्रकाशित नहुन्जेलसम्मका लागि स्थगित गरिएको सम्पूर्ण प्रदेश, जिल्ला र क्लबका प्रतिनिधिहरूलाई जानकारी गराउँदछौं,' संघले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

नटिंघमका प्रशिक्षक नुनो बर्खास्त

लन्डन/ इंग्लिस क्लब नटिंघम फरेस्टले मुख्य प्रशिक्षक नुनो एस्पिरिटो सान्तोलाई बर्खास्त गरेको छ। इंग्लिस प्रिमियर लिगमा गतिलो सुरुवात गर्न नसकेपछि नुनो २१ महिनापछि जिम्मेवारी मुक्त भएका हुन्। प्रिमियर लिगमा नटिंघमले तीन खेलमा सामान एक जित, हार र बराबरीको नतिजा निकालेको छ। नटिंघम चार अंकका साथ १०औं स्थानमा छ। नुनोले सन् २०२३ को डिसेम्बरमा प्रशिक्षण जिम्मेवारी सम्हालेका थिए। उनकै प्रशिक्षणमा नटिंघमले गत सिजनको प्रिमियर लिगमा सातौं स्थान रक्षा गरेको थियो।

■ एसिया कपको तयारी



एसिया कप क्रिकेट प्रतियोगिता बुधबारदेखि सुरु भएको छ। साबिक विजेता भारतले युएईविरुद्ध बुधबार प्रतिस्पर्धा गर्दै छ। भारतीय खेलाडीहरू आफ्नो पहिलो खेल खेल्नुअघि अभ्यास गर्दै। तस्बिर : एजेन्सी

युरोपियन विश्वकप छनोटमा कोसोभोसँग स्विडेन स्तब्ध

एजेन्सी

युरोपियन विश्वकप छनोटमा १० खेलाडीमा सीमित कोसोभोसँग स्विडेन २-० ले स्तब्ध भएको छ। हारपछि स्विडेन समूह 'बी'मा तेस्रो स्थानमा छ। शीर्ष स्थानमा रहेको स्विट्जरल्यान्डभन्दा स्विडेन पाँच अंकले पछि छ। स्विट्जरल्यान्डले महत्त्वपूर्ण खेलमा स्लोभेनियामाथि ३-० को सहज जित निकाल्यो। कोसोभोले खेलको पहिलो हाफमै दुई गोल गर्दै विश्वकपको अनुभवी टोली स्विडेनमाथि सनसनी जित निकालेको थियो।



कोसोभोले २६औं मिनेटमा एल्भिस रेक्बेकाजको गोलबाट १-० को अग्रता लियो। कप्तान वेदात मुरिकीले ४२औं मिनेटमा कोसोभोलाई २-० को अग्रता दिलाए। स्विडेनले दोस्रो हाफमा गोल गर्न नसक्दा कोसोभोले छनोट खेलमा महत्त्वपूर्ण तीन अंक जोड्यो। स्विडेनले पछिल्ला तीन विश्वकप छनोट खेलमा जितविहीन छ। सन् २००८-०९ पछि पहिलोपटक लगातार तीन खेलमा जितविहीन भएको स्विडेन लगातार दोस्रो विश्वकप गुमाउने खतरा बढेको छ। स्विट्जरल्यान्डको जितमा निको एल्भेडी, ब्रिल एम्बोलो र नयाँ अनुबन्धित खेलाडी डान एनडोएले गोल गरेका थिए।

युरोपियन छनोटमा डेनमार्कले ग्रिसलाई ३-० ले हरायो। डेनमार्कको जितमा कप्तान इमिल होयबर्गले प्रेरणादायी प्रदर्शन गरेका थिए। उनले दुई असिस्ट गरे। मिकेल ड्याम्सगार्ड, आन्द्रेयास क्रिस्टेन्सेन र रस्मुस होयलुन्डले समान एक गोल गरे। जितपछि डेनमार्क समूह 'सी'को शीर्ष स्थानमा छ। अर्को खेलमा क्रोएसियाले मोंटेनेग्रोलाई ४-० ले हराउँदै छनोट खेलमा शतप्रतिशत नतिजा निकाल्यो। अर्को खेलमा इटालीले विश्वकप छनोटमा इजरायललाई ५-४ ले हराएको छ। जितपछि इटली नौ अंकसहित समूह 'आई' को दोस्रो स्थानमा छ। गोलअन्तरका आधारमा इटाली इजरायलभन्दा अघि छ। एक खेल कम खेलेको अवस्थामा अग्रस्थानमा रहेको नर्वेभन्दा तीन अंकले पछि छ।

ट्युनिसिया सातौंपटक विश्वकपमा

ट्युनिसियाले सोमबार राति इक्वेटोरियल गिनीलाई मालाबोमा १-० ले हराउँदै सन् २०२६ को विश्वकप फुटबल प्रतियोगितामा आफ्नो स्थान पक्का गरेको छ। ट्युनिसिया सातौंपटक विश्वकपमा पुग्न सफल भएको छ। समग्रमा ट्युनिसिया लगातार तेस्रोपटक विश्वकपमा पुगेको हो। ट्युनिसियाका लागि मोहम्मद बेन रोमह्दानेले खेलको अन्तिम इन्जुरी समयको चौथो मिनेटमा निर्णायक एक मात्र गोल गरेका थिए। ट्युनिसिया समूह 'एच'को शीर्ष स्थानमा रहेर विश्वकपमा पुगेको हो। ट्युनिसियाले आठ खेलमा २२ अंक जोडेको छ। दोस्रो स्थानमा रहेको नामिबियाभन्दा ट्युनिसियाले १० अंकअन्तर राखेको छ। नामिबियाले अझै तीन खेल खेल्न बाँकी छ।

मालीमाथि घानाको कठिन जित

घानाले विश्वकप छनोटमा घरेलु मैदानमा मालीमाथि १-० को कठिन जित निकाल्यो। घानाको जितमा डिजकुले एक मात्र गोल गरेका थिए। जितपछि घानाले समूह 'आई'मा १९ अंक जोडेको छ। शीर्ष स्थानमा रहेको घाना दोस्रो स्थानको माडागास्करभन्दा तीन अंकले अगाडि छ। अर्को खेलमा मोरोक्कोले समूह 'ई'मा जाम्बियालाई २-० ले हरायो। युसुफ एन नेसिरी र हम्जा इगामानेको गोलमा मोरोक्कोले जित निकालेको हो। अफ्रिकी छनोटमा अल्जेरिया र गिनीबिच गोलरहित बराबरी भयो।

अल्जेरियाले समूह 'जी'मा चार अंकको अग्रता बनाएको छ। युगान्डाले सोमालियालाई २-० ले हरायो। समूह 'डी'मा लिबियाले एस्वाटिनीलाई २-० ले हरायो। जितपछि लिबिया १४ अंकसहित तेस्रो स्थानमा छ। लिबिया दोस्रो स्थानको क्यामरुनभन्दा एक अंक र शीर्ष स्थानको केप भर्डीभन्दा दुई अंकले पछि छ। अफ्रिकाको नौ समूहका विजेता टोली सीधै २०२६ को विश्वकपका लागि छनोट हुनेछन्। उत्कृष्ट चार उपविजेता टोली नोभेम्बरमा हुने प्लेअफमा पुग्नेछन्। जहाँबाट थप एक टोलीले पनि विश्वकपमा स्थान बनाउनेछ।

इंग्लिस टोलीमा नौ महिनापछि फर्किए अलराउन्डर साम



एजेन्सी

इंग्ल्यान्डले दक्षिण अफ्रिकाविरुद्धको टी-२० आई सिरिजका लागि अलराउन्डर साम कुरानलाई टोलीमा समावेश गरेको छ। सन् २०२४ को नोभेम्बरपछि कुरान राष्ट्रिय टोलीमा फर्किएका हुन्। उनले अन्तिमपटक वेस्ट इन्डिजविरुद्ध प्रतिस्पर्धा गरेका थिए। मुख्य प्रशिक्षक ब्रेन्डान म्याक कुलमले टी-२० आई सिरिजमा अलराउन्ड खेलाडीको आवश्यक महसुस गर्दै कुरामलाई समावेश गरेको बताएका छन्। इंग्ल्यान्डमै भएको हन्ड्रेड स्थानीय प्रतियोगितामा कुरानले दुई सय २८ रन तथा १२ विकेट लिएपछि राष्ट्रिय टोलीमा पुनरागमन गरेका हुन्। उनको आगमनसँगै फास्टबलर विल ज्याकले स्थान गुमाएका छन्। प्रशिक्षक म्याक कुलमले जेमिए ओभर्टन तथा जोफ्रा आर्चरलाई मुख्य बलरका रूपमा टोलीमा राखेका छन्। यसैगरी, लेग स्पिनर आदिल ससिद तथा लिआम डासनले दक्षिण अफ्रिकाविरुद्धको टी-२० सिरिजमा स्थान बनाएका छन्।

यसैगरी, ओपनर फिल साल्ट पनि इंग्लिस टोलीमा फर्किए। चोटका कारण उनले दक्षिण अफ्रिकाविरुद्धको एकदिवसीय सिरिज गुमाएका थिए। उनले अन्तिमपटक वेस्ट इन्डिजविरुद्ध गत नोभेम्बरमा प्रतिस्पर्धा गरेका थिए।

दुई प्रमुख खेलाडीलाई आराम

दक्षिण अफ्रिकाविरुद्धको तेस्रो तथा अन्तिम एकदिवसीय खेलमा विश्व कीर्तिमानी जित निकालेको इंग्ल्यान्डले टी-२० आई सिरिजमा प्रमुख दुई ब्याट्सम्यान वेन डककेट तथा जेमिएन स्मिथलाई आराम दिइएको छ। यसै महिनाको अन्तिम सातामा हुने आरल्यान्डविरुद्धको प्रतिस्पर्धामा दुवै खेलाडी उपलब्ध हुने प्रशिक्षक म्याक कुलमले जनाएका छन्। 'पछिल्लो समयमा सामले उत्कृष्ट प्रदर्शन गरेको हामीले देख्यौं, अहिले फर्ममा रहेका खेलाडीलाई पहिलो प्राथमिकतामा राखेका छौं,' प्रशिक्षक म्याक कुलमले भने, 'सामको क्षमता भनेको टी-२० फर्म्याटमा लामो दूरीमा बल प्रहार गर्न सक्छन्। साथसाथै बलिङ पनि राम्रो गर्न सक्छन्।'

प्रशिक्षक म्याक कुलमले अर्को वर्ष भारत र श्रीलंकाले आयोजना गर्ने टी-२० विश्वकप लक्षित टोली बनाएको जनाए। 'हाम्रो नजर विश्वकप पनि हो। यसका लागि खेलाडीको क्षमता र प्रदर्शन अहिलेदेखि नै हेर्नुपर्छ,' उनले भने, 'इंग्ल्यान्डको टोलीलाई आक्रामक तथा अलराउन्डर बनाउने मेरो योजना हो।' यसपटक टोलीमा नभएका डकेट तथा स्मिथले भारतसँगको पाँच टेस्ट तथा तीन एकदिवसीय सिरिजमा हुने उनले बताए।

एसेजको तयारी गर्दै इंग्ल्यान्ड

यसै वर्षको अन्त्यमा इंग्ल्यान्डले एसेज सिरिज खेल्दै छ। यसअघि इंग्ल्यान्डले नोभेम्बरमा न्युजिल्यान्डसँग टेस्ट सिरिजमा सहभागी हुनेछ। त्यसपछि फेब्रुअरीमा श्रीलंका र भारतमा हुने टी-२० विश्वकप खेल्नेछ। स्पिनर रासिदले टेस्ट सिरिजअगाडि आफूलाई फिट बनाउने बताए। 'अहिलेसम्म टेस्ट खेलको अनुभव खासै गर्न पाउन सकिनँ।

यसपटक प्रदर्शनको आधारमा टोलीमा पर्ने विश्वास छ,' रासिदले भने, 'अहिले म सेतो बलमा खेलिने फर्म्याटका लागि तयारीमा छु।' इंग्लिस टोलीबाट तीनवटै फर्म्याटमा स्थान बनाएर प्रतिस्पर्धा गर्न गाह्रो भएको उनले बताए। 'तीनवटै फर्म्याटमा प्रतिस्पर्धा गर्न कठिन छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com